राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३४, चैत १३ गते शुक्रबार, २०८२ (27 March, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# सन्तुष्टि र आशा बोकेर बिदा हुँदै सुशीला

## नेपालकै प्रथम महिला प्रधानमन्त्री, संविधान र प्रणालीले नचिनिकनै 'कार्यभार' पूरा

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** गहिरो संशय, भयङ्कर आशङ्का र चरम विवाद एवम् तीव्र असन्तुष्टि र अद्वितीय विरोधाभाषबीच अकस्मात नेपाल राष्ट्रको कार्यकारी अधिकारसम्पन्न प्रधानमन्त्री बन्न पुगेकी पूर्व प्रधान-न्यायाधीश सुशीला कार्की निर्धारित भूमिका पूरा गरेर बिदाइको चरणमा आइपुगेकी छन् ।

'जेनजी आन्दोलन' को नाम र आवरणमा सिर्जित भदौ २३ र २४ को महाविध्वंस र आतङ्कसँगै सिर्जित परिस्थितिबाट मुलुकलाई संवैधानिक ट्र्याकमा फर्काउने सिलसिलाका कतिपय आधारभूत काम र मुख्यतः प्रतिनिधिसभा सदस्यको



मध्यावधि निर्वाचन गराउने कार्यभार पूरा गरेकी कार्कीले आफू केही सन्तुष्टि र धेरै आशा बोकेर जिम्मेवारीबाट बिदा हुन लागेको बताएकी छन् । पाँचवर्षे कार्यकालका लागि क्रियाशील प्रतिनिधिसभालाई तीनवर्ष नपुग्दै एकाएक विघटन गराइएपछि सिर्जित अन्योल, अराजकता र रिक्तताका बीच २१ फागुनमा गराइएको मध्यावधि निर्वाचनबाट विजयी नयाँ सदस्यहरूले पद तथा गोपनीयताको सपथ लिई नयाँ 'जनादेश' अनुरूप नयाँ सरकार गठनको तयारी सुरु भएपछि राष्ट्रका नाममा सम्बोधन गर्दै भदौ २७ गते प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दा आफ्नो मनमा रहेको डर र अनिश्चय अहिले सन्तुष्टिमा परिणत भएको प्रधानमन्त्री कार्कीले उल्लेख गरेकी छन् ।

'देश संकटमा रहेका बेला केही आशाको दियो बाल्न सकिन्छ कि भन्ने आत्मविश्वास जुटाएर म यहाँ आएकी थिएँ,' प्रधानमन्त्री कार्कीले उल्लेख गरेकी छन्- 'परिवर्तनकामी युवा पुस्ताको आग्रहमा, छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले मैले यो भूमिका स्वीकार गरेकी थिएँ । अहिले म केही सन्तुष्टि

क्रमशः अन्तिम पृष्ठमा

# नयाँ सांसदहरूद्वारा सपथग्रहण :
# अधिकांश नयाँ अनुहार

**काठमाडौं ।** २१ फागुनको मध्यावधि चुनावमार्फत निर्वाचित प्रतिनिधिसभा सदस्यहरूले सपथग्रहण गरी कार्यारम्भ गरेका छन् । बिहीबार बिहानैदेखि मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा व्यापक भीडभाड देखियो । जनताले सार्वभौमसत्ताको प्रयोग गर्ने भनिएको महत्त्वपूर्ण जनप्रतिनिधिमूलक संस्था संघीय संसदको तल्लो सदन प्रतिनिधिसभाका लागि नवनिर्वाचित सदस्यहरू सवै एकैसाथ सिंहदरबार प्रवेश गर्दा स्वाभाविक रूपमै सबैमा चासो र आकर्षण देखियो ।

संसद सचिवालयले निर्वाचन आयोगबाट प्राप्त प्रतिनिधिसभा सदस्य पदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजका तस्बिर दुई प्रति सहित सपथका लागि तोकिएको समयभन्दा दुई घन्टा अगावै उपस्थित हुन नवनिर्वाचित सांसदहरूलाई आग्रह गरेको थियो । सोहीअनुसार सबै राजीतिक दलबाट निर्वाचित सदस्यहरू सिंहदबार उपस्थित भए ।

विभिन्न राजनीतिक दलका तर्फबाट सपथका लागि उपस्थित उनीहरू विभिन्न जातजाति र समुदायका वेषभूषा झल्कने गरी समेत उपस्थित भए । पहिलो पटक सांसद बनेकाहरूसँग भने सपथ समारोह हेर्न पुगेका कयौं आफन्त र साथीभाइहरू समेत आएका कारण सिंहदरबारमा ठूलै भीडभाड सृष्टि भयो । 'जेन-जी' आन्दोलनको नाम र आवरणमा भदौ २४ मा जलाएर ध्वस्त एवम् सुनसान पारिएको सिंहदरबारको पश्चिम एवं दक्षिण गेटबाट बिहीबार बिहान दस बजेदेखि नै मानिसहरूको व्यापक प्रवेश सुरु भयो । बिहीबारका लागि परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयको बीचबाट संसद भवनसम्म छिर्ने बाटोको प्रबन्ध गरियो । अपराह्नपछि संसद भवन छिर्ने मानिसको संख्या बढ्दै जाँदा भने परराष्ट्र मन्त्रालयको गेटअगाडि नै भीडलाई रोकिएको थियो । सो गेटबाट सीमित संख्याका फोटो पत्रकार एवं अन्य सञ्चारकर्मीहरूलाई मात्र भित्र प्रवेश दिइएको थियो ।

सवारी जाम भएकाले कतिपय सांसदहरू अलमलमा परेर सपथ हुने समय दुई बज्न ५ मिनेट बाँकी रहँदासम्म पनि प्रवेश गर्दै गरेका देखिए । यस पटक मुलुकको शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण जस्तो महत्त्वपूर्ण कार्यका लागि संसदमा अधिकांश नयाँ पुस्ता र नयाँ अनुहार निर्वाचित भएर आए । संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने महत्त्वपूर्ण थलो संसदमा यस पटक अत्यधिक रूपमा नयाँ अनुहारहरू प्रवेश गरेका छन् ।

विगतमा संसद बैठक सञ्चालन हुँदै आएको नयाँबानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र 'जेन-जी आन्दोलन' का क्रममा जलाएर क्षतिग्रस्त पारिएको र सिंहदरबारस्थित नयाँ संसद भव निर्माण सम्पन्न भइनसकेकाले शपथका लागि

क्रमशः अन्तिम पृष्ठमा

# खाडी संकटले निम्त्याएको राष्ट्रिय एकताको खाँचो

समय- सन्देश

आनन्दप्रसाद पोखरेल

विश्व फेरि एकपटक शक्ति सङ्घर्षको भुमरीमा तानिएको छ । संयुक्त राज्य अमेरिका र इरानबीच चर्किंदै गएको तनाव केवल क्षेत्रीय द्वन्द्वको सङ्केत मात्र होइन; यसले विश्व शान्ति, ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार र राजनीतिक सन्तुलनलाई नै अस्थिर बनाउने गम्भीर सङ्के-त दिएको छ ।

यो द्वन्द्वलाई सतही रूपमा हेर्दा सामान्य शक्ति सङ्घर्ष जस्तो देखिए पनि यसको गहिराइमा विश्व प्रभुत्वको प्रतिस्पर्धा, ऊर्जा स्रोतमा नियन्त्रण, हतियारको बजार र आर्थिक वर्चस्वको लडाइँ लुकेको छ । प्यालेस्टाइनबाट सुरु भएको युद्ध इरानसम्म फैलिन पुगेको छ । भोलि यो कहाँसम्म फैलिने हो, अनिश्चित छ । युद्धले इतिहासमा कहिल्यै स्थायी विजेता जन्माएको छैन । यसले केवल मानवता, शान्ति र सभ्यतालाई हराएको छ ।

तर, यो आलेख विश्व युद्धको चर्चामा केन्द्रित छैन । नेपालमा यसको प्रभाव के-कसरी पर्छ भन्नेमा आलेख केन्द्रित छ । वैश्विक संकटले नेपाललाई कति गहिरो असर पार्न सक्छ र त्यसबाट बच्न हामीले के गर्नुपर्छ भन्ने महत्त्वपूर्ण प्रश्न हो । किनभने युद्ध सुरु भएको केही दिनमै नेपालमा यसको नकारात्मक प्रभाव देखिन थालेको छ । अब ढिला गर्नु भनेको जोखिमलाई निम्त्याउनु हो । त्यसैले आन्तरिक तयारी तत्काल सुरु गर्नु अपरिहार्य छ । यसको पहिलो आधार राष्ट्रिय एकता हो ।

सबैभन्दा कठिन तर यथार्थ प्रश्न यही हो- के नेपाल यस्तो वैश्विक झट्का सहन सक्षम छ? उत्तर सन्तोषजनक छैन । नेपाल अझै आत्मनिर्भर छैन, हाम्रो तयारी अधुरो छ र दीर्घकालीन राष्ट्रिय दृष्टि स्पष्ट छैन । खाडी संकटले अब यही कमजोरीलाई उदाङ्ग्याइदिन सक्छ । यदि हामीले समयमै यसलाई सम्बोधन गर्न सकेनौं भने हामी गम्भीर आर्थिक, सामाजिक र राजनीतिक कुचक्रमा फस्नेछौं ।

हामी लामो समयदेखि एउटा भ्रममा बाँचेका छौं- बाह्य संकट आउँछ र समयसँगै समाधान

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३४, चैत १३ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# पक्षधरहरूको नजरमा सफल 'सुशीला मिसन'

सम्भवतः विश्व इतिहासमै असम्भव हुने कतिपय कुराहरू नेपाली राजनीतिक इतिहासमा सम्भव हुँदै आएका छन्। ठ्याक्कै त्यस्तै एउटा (दुर् (घटना) हो- हालैकी अन्तरिम प्रधानमन्त्री सुशीला कोइराला नेतृत्वको 'निर्दलीय' अन्तरिम सरकार।

यो सरकार केका लागि, कसको योजनामा र कति लामो 'डिजाइन' अनुरूप गठन भयो- त्यो त अहिलेसम्म रहस्यकै गर्भमा छ। तथ्यहरूद्वारा पुष्टि भइनसकेका विश्लेषण र आँकलनहरूको कुरा बेग्लै हो। तर, संविधानका खास-खास धाराले नै स्पष्ट रूपले निषेधित गरेको अवस्थामा, मुलुकको प्रधानन्यायाधीश भइसकेकी व्यक्तिले उक्त भूमिका स्वीकार गर्नु र निर्धारित/तोकिएको समयमै 'ओपन सेक्रेट' अनुरूपकै नतिजा दिलाउने गरी निर्वाचन सम्पन्न गराउन 'सफल' हुनु मूलतः 'सुशीला मिसन' सफलताको द्योतक हो। यसर्थ, 'सुशीला सरकार' निर्विवाद, निष्कलङ्क र सर्वस्वीकार्य सफल सरकार होइन; परिस्थितिजन्य बाध्यताको आवरणमा सिर्जित र नेपालको इतिहासले धेरै लामो समयसम्म बहस, छलफल, विमर्श र विवाद गरिरहने एउटा दुर्लभ ऐतिहासिक 'अवसर' समेत हो।

मुलुक कतै लामै समयसम्म संवैधानिक शून्यता र असंवैधानिक सरकारको चक्रब्युहमै रुमल्लिइरहने त होइन भन्ने आशङ्काको सन्दर्भमा भने देशलाई जे-जसरी/जे-जस्तो ढङ्गबाट भए पनि न्यूनतम संवैधानिक मार्गमै फर्काउन नेतृत्व गरेकामा सुशीला सरकार धन्यवादको हकदार छ।

# २७५ मध्ये ६३ ले लिए मातृभाषामा सपथ

**काठमाडौं।** सिंहदरबारस्थित संसद भवनमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीबाट बिहीबार नवनिर्वाचित सांसदहरूलाई शपथ लिएका छन्। संघीय संसदको प्रतिनिधिसभा सदस्यमा निर्वाचित कूल २७५ मध्ये ६३ भन्दा बढी सांसदले मातृभाषामा शपथ लिने जानकारी संसद सचिवालयलाई गराएका थिए।

सोही अनुसार ती सदस्यहरूले प्रतिनिधिसभाको ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले मातृभाषामा शपथ ग्रहण गराएका हुन्। सांसदहरू यज्ञबहादुर बोगटीले अछामी, मोहम्मद इस्तियाक राईले मातृभाषा अवधि तथा आकृति अवस्थीले मातृभाषा डोटेली, गंगा छन्त्यालले मातृभाषा छन्त्याल, करिस्मा कठरियाले 'कठरिया थारू' मातृभाषामा शपथ लिएका थिए।

त्यसैगरी, निश्कल राईले चाम्लिङ र दीपकराज बोहराले डोटेली भाषामा शपथ लिएका थिए। सुजाता तामाङ र परशुराम तामाङले तामाङ भाषामा शपथ लिएका थिए। कान्त चौधरी, अशोककुमार चौधरी, गीता चौधरी, पुष्पाकुमारी चौधरी, प्रमिलाकुमारी गच्छदार र सुरेन्द्र चौधरीले थारू भाषामा शपथ लिएका हुन्। अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुसुम महर्जन, कपा महर्जन, विराजभक्त श्रेष्ठ, गंगालक्ष्मी अवाल, बुद्धरत्न महर्जन, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जितले नेपाल भाषामा र नितिमा भण्डारी (कार्की), रबिन महतो, रवीन्द्र पटेल एवं राजेशकुमार चौधरीले बज्जिका भाषामा तथा ऐनबहादुर महरले बझाङ्गी भाषामा शपथ लिएका छन्। माधवराज राईले बान्तावा, कन्हैया बनिया, अरविन्द साह, बुद्धिप्रसाद पन्त, सुशीलकुमार कानुले भोजपुरी भाषामा तथा रेनुका काउचाले मगर खाम तथा प्रमोदकुमार महतो, राजकिशोर महतोले मगही भाषामा शपथ लिएका छन्।

त्यसैगरी अंकिता ठाकुर, आशा झा, उज्ज्वलकुमार झा, दीपककुमार साह, कामिनी कुमारी, जोगकुमार बरबरिया यादव, तपेश्वर यादव, दीपककुमार साह, नरेन्द्रसाह कलवार, निशा मेहता, पुरुषोत्तम शुप्रभात यादव, मनिष झा, मातृकाप्रसाद यादव, रामजी यादव, रुवी कुमारी, शम्भुकुमार यादव, शिव शङ्कर यादव, सीताराम साहले मैथिली भाषा र कृपाराम रानाले राना थारू भाषामा शपथ लिएका छन्। सांसदहरू पूर्णप्रसाद लिम्बू, सन्तोष सुब्बा, सुहाङ नेम्बाङले लिम्बू भाषामा खुश्बु ओलीले संस्कृत भाषामा शपथ लिए।

प्रतिनिधिसभाका सहायक प्रवक्ता (उपसचिव) अनन्तप्रसाद कोइरालाले मातृभाषामा शपथ लिने भनेर सुरुमा ६२ जनाले नाम टिपाएपछि पछि विस्तारै थपिँदै गएको र कतिले लिएको भन्ने यकिन गर्ने काम भइरहेको जानकारी दिए। कतिपय सांसदहरूले परम्परागत भेषभूषामा सजिएरै मातृभाषामा शपथ लिएका थिए। यसरी शपथ लिने सांसदहरूले संघीयताको मर्मअनुसार मौलिक पहिचान लिएर आ-आफ्ना भेषभूषामा शपथ ग्रहण गर्नु गौरवको विषय भएको बताएका छन्। नेपाली कम्युनिस्ट पार्टीबाट निर्वाचित भएकी दाङका सांसद भीमकुमारी बुढामगरले समावेशीको सन्देश दिन पुर्खौली भेषभूषामा शपथ ग्रहण लिन आएको बताइन्।

# हिमपात र वर्षाले किसान खुशी, उच्च पहाड सेताम्य

**काठमाडौं।** गत हप्ता शुक्रबारदेखि सुरु भएको वर्षासँगै भएको हिमपातका कारण किसानलाई खुशी बनाएको छ। हिमपात र वर्षाले चिस्यान पुगेपछि देशभरका विभिन्न जिल्लाका किसान खेतीपाती सप्रने भन्दै किसा खुशी भएका हुन्।

गत शुक्रबार वर्षासँग हिमपात भएपछि ताप्लेजुङस्थित पाथीभरा मन्दिर क्षेत्रमा सेताम्य भएको पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतले जानकारी दिए। केही दिनदेखि पाथीभरा क्षेत्रको मौसम धुम्मिएको थियो। वर्षा र हिमपातपछि मौसम सफा हुँदा जिल्लाका डाँडाकाँड चाँदीभैं सेताम्य देखिएको छ। मौवाखोला गाउँपालिकास्थित तीजुरे-मिल्के-जलजले क्षेत्र बिहानैदेखि हिउँले सेताम्य भएको छ। विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघासहित कुम्भकर्ण, पाथीभरा र मानाभरा क्षेत्र पनि चाँदीभैं सेताम्मे भएको छ।

फक्ताङ्लुङ गाउँपालिका-६ लेलेपस्थित घुन्सा, फले तथा वडा नं ७ को ओलाङ्चुङगोला क्षेत्रमा उल्लेख्य हिमपात भएको छ भने मिक्वाखोला गाउँपालिका-५ पापुङको तोक्पेगोला, मैवाखोला र आठराई त्रिवेणी गाउँपालिकाका माथिल्ला भेग, मिल्के-जलजले क्षेत्र तथा सिदिङ्वा गाउँपालिकाको तिम्बुङ पोखरी क्षेत्रमा पनि बाक्लो हिमपात भएको स्थानीयले बताए। प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रमा पनि हिमपात भएको छ। पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार पाथीभरा धामदेखि फेदी बजार हुँदै गुराँसे डाँडासम्म हिउँ जमेको छ। हिमपातसँगै जिल्लाका हिमाली बस्तीमा चिसो पनि अत्यधिक बढेको छ। विशेषगरी ओलाङ्चुङगोला, याङ्मा, फले र घुन्साजस्ता बस्तीमा चिसो बढेको स्थानीय फुटी शेर्पाले जानकारी दिए। पाथीभराको दर्शनसँगै हिउँ खेल्ने पाइने भएकाले नजिकका क्षेत्रका मानिसहरू पनि त्यहाँ पुगेका छन्। हिमपातसँगै जिल्लाभर चिसो बढेको जिल्लाका सत्तरी उच्च भेगका स्थानीयहरूले बताए।

बागलुङस्थित नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनसहित जिल्लाका उच्चपहाडी क्षेत्रमा भारी हिमपातले सेताम्य हिउँले ढाकेको छ। हिमपातले ढोरपाटन उपत्यकासहित आसपासका क्षेत्र सेताम्य भएपछि स्थानीयको जनजीवन प्रभावित बनेको छ। हिमपातले वस्तुभाउलाई घाँस दान हाल्न समेत गाह्रो भएको ढोरपाटन नगरपालिका-९ का स्थानीय धनबहादुर विकले जानकारी दिए। केही दिन अगाडिदेखि सामान्य वर्षा भएको पनि उनले बताए। निरन्तर हिमपात भइरहेको स्थानीयलाई हिँडडुल गर्न समेत समस्या भएको उनले बताए। आलु रोप्नका लागि अधिकांश स्थानीय बोबाङ, अधिकारीचौरलगायतका क्षेत्रबाट ढोरपाटन उक्लिए पनि हिमपातले गर्दा प्रभावित बनेको विक बताए।

चैत महिनामा बिरलै हिउँ पर्ने गरेको ढोरपाटनमा अहिले हिमपातले आलु रोप्ने चटारो रहेका किसानको काम प्रभावित भएको छ। अलिअलि वर्षा चाहिएको बेला हिमपात भइदिंदा दैनिकी कष्टकर बनेको विकले बताए। भारी हिमपातका कारण रुकुम पूर्व मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ। शुक्रबार रातिदेखि निरन्तर भइरहेको हिमपातका कारण रुकुम पूर्वको भुमे गाउँपालिका-१ मा पर्ने लुकुम-पातिहाल्ना खण्ड अवरुद्ध भएको छ। हिमपात र वर्षाले लोकमार्ग अवरुद्ध हुँदा दर्जनौं सवारी साधनसहित यात्रुहरू अलपत्र परेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायव उपरीक्षक केशवराज ज्ञवालीका अनुसार काठमाडौंबाट छुटेका रात्रिबसहरू कुलुम-पातिहाल्नामा फसेका छन्। शुक्रबारदेखि परेको पानी हिमपातका कारण लुकुम-पातिहाल्ना क्षेत्रमा शनिबार सात वटा बस, एउटा जिप र ५ वटा मोटरसाइकल फसेका छन् भने २५० जनाभन्दा बढी यात्रुहरू अलपत्र परेका छन्। निरन्तर वर्षा र हिमपातका कारण सडक सञ्चालनमा चुनौती पैदा हुनुका साथै फोन सेवा समेत अवरुद्ध हुँदा थप समस्या पैदा भएको नायव उपरीक्षक ज्ञवालीले बताए। सिंगो हिउँमा पानी नपरेका कारण निराश बनेका महोत्तरीका किसानलाई पछिल्लो वर्षाले राहत दिलाएको छ। गत शुक्रबार र शनिबार भएको वर्षाले खेतबारीमा पर्याप्त चिस्यान पुगेपछि खेतीपातीका काम अघि बढ्ने भएपछि किसानलाई खुशी बनाएको हो।

वर्षाको अभावमा पहेँलिएको बालीनाली पछिल्लो वर्षाले अमृतको काम गरेको भन्दै किसान खुशी भएका छन्। वर्षाको अभावमा खेतबारी सुकेर खनजोत गर्न नपाउँदा वैशाखी तरकारीका लहरा र बोट ओल्याउँदै गएको अवस्थामा पछिल्लो वर्षाले निकै राहत दिएको छ। ओइलाउँदै सुक्ने अवस्थामा पुगेको वैशाखी तरकारीका लहरा एक दिनमै फेरिएर लहलहाउन लागेका भन्दै स्थानीय किसानले खुशी व्यक्त गरे। वर्षापछि यतिबेला किसानलाई बर्खे र अन्य बाली लगाउन जमिन खनजोत गर्न किसानहरू खेतबारीमा पुगेका छन्। बर्दिबास-७ मनहरिपुरका ३० वर्षीया युवा किसान निरबहादुर खत्रीले पानी परेर निकै राहत मिलेको बताए। 'अब बर्खे धान, मकै, कोदो र जुनेलोसहितका बाली लगाउन खेतबारी खनजोत गर्न थालिन्छ' उनले सुनाए। यो वर्षाले आँप, लिची र रुखकटहर सहितका गर्मीयामका फललाई निकै राहत मिलेको भन्दै किसान उत्साहित बनेका छन्।

पानीले आँप र लिचीका मञ्जरी र चिचिलामा लागेका मधुवा (डढुवा रोग) र जालो, धुलो, फोहोर पखालिएर हाँडाबिँगामा कञ्चन र सफा बनेको बर्दिबास-५ चेरुका फलफूल किसान होतराज घिमिरेले बताए। यसरी सबै प्रकारका फोहोर-मैला र डढुवा रोगका जालो पखालिएर फलफूलका बोटविरुवालाई पर्याप्त चिस्यान पुगेपछि बगैँचालाई उपचारको काम गर्ने र फलफूलका दाना समेत पोटिला बन्ने विगतको अनुभव उनले सुनाए। पछिल्लो वर्षासँगै आएको हावाहुरीले भने बालीनालीमा सामान्य क्षति पुऱ्याएको छ। पानी पर्दा किसानलाई खुशी बनाएको छ भने घोगा लाग्न सुल्ता चापेका मकैका बोट र वैशाखी तरकारीका लहरा समेत हावाहुरीले लडाउँदा चिन्ता समेत दिएको छ। हिउँदे वर्षा नहुँदा बढेको गर्मी समेत पछिल्लो वर्षाले घटाएको छ।

खेतीपाती अनुकूल वर्षा भइदिंदा उत्पादन निकै राम्रो हुने बर्दिबास-६ कृष्णपुरका किसान रघु काफ्लेले बताए। महोत्तरीमा ७१ हजार हेक्टर कृषियोग्य जमिनमध्ये १० प्रतिशतमा कुलोनहर र १० प्रतिशतमा इनार, स्यालो ट्युबवेल र बोरिङमा मोटर जडान गरेर सिँचाइ गर्दै आएका छन् भने ८० प्रतिशत क्षेत्रमा आकाशे पानीकै भरमा बालीनाली लगाउनु पर्ने कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ।

# खाडी सङ्कटले...

हुन्छ। तर खाडी संकटले देखाउँदै छ कि समस्या बाहिर होइन, हामीभित्र छ। दशकौंदेखि रेमिट्यान्समा टिकेको अर्थतन्त्र, आयातमा आधारित उपभोग र उत्पादन क्षेत्रको उपेक्षाले नेपाललाई अत्यन्त कमजोर बनाएको छ। साउदी अरेबिया, कतार र यूएई लगायतका देशहरूमा पसिना बगाउने नेपाली श्रमिकहरूले पठाएको पैसाले देश चलेको यथार्थ हो। तर ती आधार नै हल्लिए भने त्यो केवल आर्थिक संकट मात्र हुनेछैन, हाम्रो सिङ्गो अर्थतन्त्रलाई नै धराशयी बनाइदिने निश्चित छ।

यदि खाडी क्षेत्रमा युद्ध चर्कियो भने यसको असर नेपालमा मात्र होइन, क्रमशः नेपालीलाई रोजगारी दिने मुलुक मलेसिया, इजरायल र खाडी मुलुकले पूर्ववत् अवस्थामै रोजगारी उपलब्ध गराउन सक्ने छैनन्। यसले सिङ्गो युरोपलाई पनि त्यति नै प्रभावित पार्दै छ। यससँगै वैदेशिक रेमिट्यान्समा टिकेको हाम्रो अर्थतन्त्रमा ठूलो संकट आएर बज्रिनेछ। त्यसैले त्यसअगावै हामीले के गर्ने हो भनी विचार गर्नुपर्ने हुन्छ।

सुरुमा यसबाट इन्धन अभाव र मूल्यवृद्धिले जनजीवन थिचिनेछ। बजारमा अस्थिरता बढ्नेछ र वैदेशिक रोजगारीमा त्रास फैलिनेछ। त्यसपछि रेमिट्यान्स घट्ने, श्रमिकहरू स्वदेश फर्किने र उद्योग उत्पादन खस्किने क्रम सुरु हुनेछ। अन्ततः यही अवस्था आर्थिक मन्दी, स्थायी बेरोजगारी र सामाजिक असन्तोषमा परिणत हुन सक्छ। यो कुनै अतिरञ्जित विश्लेषण होइन, यो हाम्रो संरचनात्मक कमजोरीको स्वाभाविक परिणाम हुनेछ।

यस्तो अवस्थामा राजनीतिक नेतृत्वको भूमिका निर्णायक हुन्छ। संकटले सधैं नेतृत्वको वास्तविकता देखाउँछ। तर विगतले देखाएको छ- निर्णयमा ढिलाइ, नीतिगत अस्थिरता र भ्रष्टाचारले हाम्रो शासन प्रणालीलाई कमजोर बनाएको छ। यदि यही प्रवृत्ति कायम रह्यो भने खाडी संकटले नेपाललाई बाह्य झट्काभन्दा बढी आन्तरिक विघटनतर्फ धकेल्नेछ। अब प्रश्न स्पष्ट छ- के हाम्रो नेतृत्व समाधानको हिस्सा बन्छ कि समस्याकै हिस्सा रहन्छ?

अर्थतन्त्रको सन्दर्भमा पनि दृष्टिकोण बदल्नैपर्छ। संकट व्यवस्थापन भनेको केवल राहत वितरण होइन। यो अर्थतन्त्र पुनर्संरचना गर्ने ऐतिहासिक अवसर हो। उत्पादनलाई प्राथमिकता दिने, आयातमा संयम अपनाउने, साना तथा मझौला उद्योगलाई संरक्षण गर्ने र आन्तरिक लगानीलाई प्रोत्साहन गर्ने स्पष्ट नीतिबिना दीर्घकालीन समाधान सम्भव छैन। रेमिट्यान्समा आधारित मोडेल अब दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने यथार्थ स्वीकार्नैपर्छ। यसैबीच, वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूलाई बोझका रूपमा होइन, सम्भावनाका रूपमा हेर्नुपर्ने समय आएको छ।

उनीहरूको सीप, अनुभव र श्रमशक्तिलाई सही ढङ्गले उपयोग गर्न सकियो भने यही जनशक्ति नेपालको पुनर्निर्माणको आधार बन्न सक्छ। कृषि, निर्माण र प्रविधि क्षेत्रमा नयाँ ऊर्जा ल्याउने क्षमता यही वर्गमा निहित छ। नेपालमा कृषि क्रान्तिको नयाँ अवसर पनि सिर्जना हुन सक्छ।

खाडी संकटले अर्को गहिरो सत्य पनि उजागर गर्छ। ऊर्जा र खाद्यमा निर्भरता राष्ट्रका लागि गम्भीर जोखिम हो। जलविद्युत्को अधिकतम उपयोग, विद्युतीय सवारीको विस्तार र कृषि उत्पादनमा आत्मनिर्भरता अब केवल विकासका एजेन्डा होइनन्; यी राष्ट्रको सुरक्षासँग जोडिएका अनिवार्य प्राथमिकता हुन्। यसबाट नेपाललाई स्वाधीन र आत्मनिर्भरताको बाटोतर्फ लैजान सकिन्छ।

विदेश नीतिमा पनि नेपालले सन्तुलन र स्वाभिमान कायम राख्नुपर्छ। कुनै शक्ति ब्लकमा झुक्ने होइन, राष्ट्रिय हितलाई केन्द्रमा राखेर सन्तुलित कूटनीति अपनाउनु आजको आवश्यकता हो। असंलग्नता र तटस्थताको असल छिमेक नीति कायम राख्दै 'पराई कोही छैन, सबै मित्र' भन्ने मान्यता स्थापित गरी विकास र आर्थिक कूटनीतिक सम्बन्ध बलियो बनाउनुपर्छ।

संकटको समयमा सूचना व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण हुन्छ। अफवाह, भ्रम र डरले समाजलाई कमजोर बनाउँछ। त्यसैले तथ्यमा आधारित सूचना प्रवाह, जिम्मेवार सञ्चार र सामाजिक विश्वासको संरक्षण अनिवार्य छ।

अन्ततः सबैभन्दा ठूलो शक्ति राष्ट्रिय एकता नै हो। इतिहासले देखाएको छ- नेपाल एकताबद्ध हुँदा कुनै पनि संकटले यसलाई झुकाउन सकेको छैन। तर आजको चुनौती फरक छ। यो बाह्य आक्रमण मात्र होइन, हाम्रो आन्तरिक कमजोरीको परीक्षा पनि हो। त्यसैले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय सहमति, साझा दृष्टि र सहकार्यको भावना आजको अपरिहार्य आवश्यकता हो।

खाडी संकट नेपालका लागि चेतावनी, परीक्षा र अवसर हो। चेतावनी- हाम्रो निर्भरता कति जोखिमपूर्ण छ भन्ने; परीक्षा- हाम्रो नेतृत्व कति सक्षम छ भन्ने र अवसर- हाम्रो विकासको दिशा सुधार गर्ने। अबको समय यथास्थितिमा अड्किने होइन, साहसी निर्णय गर्ने हो। इतिहासले अवसर दिन्छ, तर सधैं कुर्दैन। यदि हामीले अहिले पनि स्पष्ट नीति, जिम्मेवार नेतृत्व र राष्ट्रिय एकतालाई सुदृढ बनाउन सकेनौं भने खाडी संकट केवल बाह्य घटना रहने छैन, यो नेपालको आन्तरिक संकट बन्नेछ। तर हामी एकताबद्ध भयौं, दूरदर्शी सोच राख्यौं र सही निर्णय लिन सक्यौं भने यही संकट आत्मनिर्भर, सशक्त र नयाँ नेपालको आधार बन्न सक्छ।

-रातोपाटीबाट

# निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड : राष्ट्रपति पौडेल

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमार्फत जनताले प्रकट गरेको अभिमतले जनप्रतिनिधिको काँधमा ठूलो दायित्व आएको बताएका छन् । बुधबार निर्वाचन आयोग नेपालद्वारा आयोग परिसर बहादुर भवनमा आयोजित जलपान कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले स्वतन्त्रता, सामाजिक न्याय, सुशासन, विकास र मुलुकको समृद्धिका लागि सबैले एकजुट भएर काम गर्नुपर्नेमा जोड दिएका हुन् ।

'निर्वाचनमार्फत जनताले प्रकट गरेको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन, विकास र मुलुकको समृद्धिका लागि एकजुट भएर काम गर्नुपर्ने दायित्व अब जनप्रतिनिधिको काँधमा आएको छ, लोकतन्त्रमा मत फरक हुन सक्छन्, तर राष्ट्र निर्माणको साझा लक्ष्यमा सबै नेपालीको एउटै मत हुनेछ भन्ने मैले विश्वास लिएको छु' उनले भने । संघीय लोकतान्त्रिक गणतन्त्रले लक्षित गरेको जनताको जीवनस्तर माथि उठाएर मुलुकलाई समृद्ध बनाउने काममा एकजुट भएर लाग्न सबैमा हार्दिक आह्वान गर्दै उनले भने 'लोकतन्त्रले प्रदान गरेको आफ्ना प्रतिनिधि चुन्ने अधिकारको प्रयोग गरी यो महान् उत्सवमा नेपाली नागरिकले देखाउनुभएको उत्साहपूर्ण सहभागिताले हाम्रो लोकतान्त्रिक प्रणालीप्रतिको अटुट विश्वासलाई पुनः पुष्टि गरेको छ, यसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ तुल्याएको छ, मतदाताले मतदान केन्द्रसम्म पुगेर व्यक्त गर्नुभएको मतादेशले मुलुकको भविष्यलाई दिशानिर्देश गरेको छ ।'

निर्वाचन लोकतन्त्रको मेरुदण्ड भएको धारणा व्यक्त गर्दै ज्येष्ठ सदस्य केसीले देशको जटिल र कठिन परिस्थितिबाट मुलुकलाई निकास दिन घोषणा गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा अहोरात्र खटेर मन, वचन र कर्मले क्रियाशील भई शान्तिपूर्णरूपमा सफलतापूर्वक सम्पन्न गरेकोमा सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सम्बद्ध सरोकारवाला तथा आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गरेकोमा सम्पूर्ण देशवासी दिदीबहिनी तथा दाजुभाइलाई धन्यवाद समेत दिए ।

# रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्छौं : वर्षमान

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले आफूहरूले रचनात्मक प्रतिपक्षमा रहेर सरकारलाई जवाफदेही बनाउन भूमिका निर्वाह गर्ने बताएका छन् ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ ग्रहण समारोह सिंहदरबारमा उपस्थित सञ्चारकर्मीसँग कुराकानी गर्दै सांसद पुनले जनताको कार्यदेशअनुसार प्रतिपक्षमा रहेर संसदीय भूमिकामा रहेर काम गर्ने बताएका हुन् । उनले विगतको संसदीय अनुभवलाई आफ्नो कार्यकालमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाली काङ्ग्रेसका सांसद योगेश गौचन थकालीले जनादेश र मतादेशको उच्च सम्मान गर्दै आफ्नो पार्टीले असल प्रतिपक्षीय भूमिका निर्वाह गर्ने बताए । संघीय संसदमा बिहीबार शपथ ग्रहण गरिसकेपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै सांसद थकालीले काङ्ग्रेसलाई निर्वाचनबाट प्रतिपक्षीय भूमिकाको जिम्मेवारी मिलेको धारणा व्यक्त गरे । एउटा असल जनप्रतिनिधि हुँदै असल प्रतिपक्षीय भूमिका निर्वाह गर्ने उनको भनाइ थियो । 'हिजोको कमी कमजोरीलाई स्वीकारेर थप परिष्कृत ढंगले एउटा असल जनप्रतिनिधि बन्ने प्रयासको क्रममा मैले मेरो तर्फबाट जति पनि योगदान दिन सक्छु, सबै विधि विधायनको प्रक्रियामा होस्' उनको भनाइ थियो 'चाहे जिल्लाको र समग्र राष्ट्रकै साझा चुनौती र अवसरको विषयमा होस्, मेरो तर्फबाट भरपुर मेहनत हुनेछ ।'

यस ऐतिहासिक क्षणमा अझ थप जिम्मेवारीबोध र साझा चुनौती तथा अवसरले थप गम्भीर बनाएको सांसद थकालीको भनाइ छ ।

# संसद र सरकारले असीमित जनआकांक्षालाई सम्बोधन गर्नुपर्छ : केसी

**काठमाडौं ।** प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीले निर्वाचनमा जनताबाट व्यक्त असीमित चाहना र आकांक्षालाई संसद र सरकारले सम्बोधन गर्न सक्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलसँग मंगलबार पद तथा गोपनियताको शपथ लिएसँगै सिंहदरबारस्थित संघीय संसद सचिवालयमा पदबहाली गरेका ज्येष्ठ सदस्य केसीले मुलुकको समग्र हितका पक्ष प्रतिपक्षलाई समेटेर गहन दायित्व पूरा गर्ने जिम्मेवारी सबैको भएको बताएका हुन् । 'हामी सबैको साझा शत्रु भनेको गरिबी, रोग, भोक र कुशासन हो, त्यसका लागि संसदले प्रभावकारी भूमिका खेल्नुपर्छ । विसं २०१५ पछि जनताबाट प्राप्त उत्साहसहितको असीमित जनादेश छ, त्यसलाई रक्षा गर्नु संसद र सरकारको कर्तव्य हो' उनको भनाइ थियो 'म निष्पक्ष र पारदर्शीरूपले सभामुखको कार्यसम्पादन गर्नेछु, प्रत्येक सभामुखको कुर्सीमा रहेपछि देशको संविधान, संसदको नियमावली, संसदीय अभ्याससहितका आधारमा 'रुलिङ' गर्नुपर्ने हुन्छ । म हरेक सांसदको विशेषाधिकारको रक्षकका रूपमा काम गर्नेछु ।'

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि नयाँ सरकार गठन र संसदको अधिवेशन आह्वान गर्ने तयारी भइरहेका बेला ज्येष्ठ सदस्यले सभामुखको हैसियतको जिम्मेवारी केसीले पाएका छन् ।

# कार्की प्रतिवेदनप्रति बारको असहमति

**काठमाडौं ।** नेपाल बार एसोसिएसनले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदनप्रति असहमति जनाएको छ । बारले आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयका विषय प्रतिवेदनमा उल्लेख गरेको भन्दै बिहीबार १ः३० बजे सल्लाहकार समिति बैठक पनि बोलाएको हो ।

बारका महासचिवमा केदारप्रसाद कोईरालाले भने- 'न्यायालय र कानुन व्यवसायप्रति समाजमा नकारात्मक असर पुग्ने गरी प्रतिवेदन आएको छ, यसमा हाम्रो असहमति छ । यसबारे कानुन व्यवसायीबीच गम्भीर छलफल हुनेछ ।' न्याय सुलभ पार्न वकिलको शुल्कलगायत विकृति र विसंगति फाँड्ने तथा न्यायलाई वकिलको स्वर्ग हुनबाट बचाउनु पर्नेलगायतका विषय प्रतिवेदनमा उल्लेख छ । 'सर्वसाधारणको न्यायमा पहुँच नहुनु, नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ । पहुँच र पैसा नहुनेका लागि न्याय धेरै टाढाको विषय भएको छ ।

पक्षको तर्फबाट वहस गर्नुपर्ने वकिल त यति खर्चिला छन् की साधारण निवेदन लेखिदिएको मात्र पनि हजारौं असूल गर्दछन्' आयोगको प्रतिवेदनमा उल्लेख छ ।

# सुशासन र समृद्धिप्रति कांग्रेस प्रतिबद्ध : चालिसे

**ललितपुर ।** नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले सुशासन, समृद्धि र जनताको प्रगतिको विषयमा कांग्रेस प्रतिबद्ध रहेको दावी गरेका छन् । केन्द्रीय कार्यालय सानेपामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रवक्ता चालिसेले कांग्रेस सत्तामा मात्रै होइन प्रतिपक्षमा बसेर पनि रचनात्मक भूमिका निर्वाह गर्ने जिकिर गरेका हुन् ।

जनताले अभिव्यक्त गरेको मतलाई पार्टीले सम्मान गर्दै सोही अनुरूप भूमिका निर्वाह गर्ने विश्वास दिलाएका प्रवक्ता चालिसेको भनाइ थियो 'कांग्रेस निर्वाचनका लागि मात्रै हैन, निर्वाचन नै नहुने समयमा पार्टी क्रियाशील थियो, निर्वाचन हुने वातावरण नेपाली कांग्रेसले नै तयार गरेको हो, सही विषयमा कांग्रेस सरकारको साथमा हुन्छ, लोकतान्त्रिक मूल्यमान्यता र जनताको अधिकार रक्षाका लागि कांग्रेसले प्राथमिकता दिन्छ, नेपालको अर्थतन्त्रको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स हो, अर्थतन्त्र संकटको अवस्थामा छ, संकटमा सहयोगी प्रतिपक्षको भूमिका निर्वाह गर्छौं ।' यस पटकको निर्वाचनको परिणाम अप्रत्याशित भएको बताएका प्रवक्ता चालिसेले १६५ निर्वाचन क्षेत्रको समीक्षा गर्दै सुधार्ने र सुध्रिने प्रयास गर्ने बताए । 'कांग्रेसले संरचनागत देखि नीतिगत सुधारका लागि ध्यान दिन्छ, पार्टीलाई रूपान्तरण गर्न व्यापक सुधार गर्ने कार्यमा ध्यान दिन्छ' प्रवक्ता चालिसेको भनाइ थियो । देशमा बारम्बार उठेको विषय सुशासन भएको भन्दै २०४६ सालदेखि २०८२ सालसम्म सार्वजनिक तहमा बसेका व्यक्तिको सम्पति छानबिन हुनुपर्नेमा समेत उनको जोड थियो ।

'सरकारले सम्पत्ति छानवीन र सुशासनमा ध्यान दिनुपर्छ, अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण हुनुहुँदैन' भनेका प्रवक्ता चालिसेले पात्र र प्रवृत्ति सही हुनुपर्नेमा जोड दिँदै छानबिन गर्ने आयोग सरकारले बनाउने पर्ने बताए । भ्रष्टाचार सामाजिक समस्या भएको भन्दै उनले राजनीतिक सफा र स्वच्छ भए कांग्रेसले सहयोग गर्ने बताए । भ्रष्टाचार समाधान हुनुपर्नेमा जोड दिँदै यो केवल भोट बटुल्ने माध्यम बन्नु नहुने प्रवक्ता चालिसेको भनाइ थियो ।

यस पटकको निर्वाचनमा पार्टी नबदल्ने र मत बदल्ने साथीहरू रहेको टिप्पणी गर्दै प्रवक्ता चालिसेले यसमा भरपर्दो वातावरण बनाउन तथा पार्टीको अनुशासनलाई प्रभावकारी बनाउन अभिमुखीकरण चलाउनु पर्ने बताए । 'अबको सुधारका लागि क्रियाशील सदस्यताबाटै सुरुआत हुन्छ, सबैले सम्बन्धित वडामा गएर क्रियाशील सदस्यताको तथ्यांक राख्नुपर्ने छ, सदस्यहरूको निष्क्रियता बदल्न यो प्रक्रिया गर्न गइरहेका छौं, पछिल्लो पटक पार्टीको अनुशासनलाई बढी महत्व दिएका छौं, समयको परिवर्तनसँगै नेताहरूको शैली, व्यवहार र भाषा परिवर्तन हुनु आवश्यक छ' बताएका प्रवक्ता चालिसेले अगाडि भने 'यसकालागि लिडरसीप तालिम लिनु आवश्यक छ ।' संसदभित्र भूमिका राम्रो भएन भने सांसदहरूलाई फिर्ता बोलाउन सक्ने व्यवस्था विधानभित्रै व्यवस्था गरिएको जानकारी दिँदै उनले जेनजेड आन्दोलनको विषयमा आएको प्रतिवेदन अधुरो र अपूर्ण रहेको उल्लेख गरे । 'प्रतिवेदनमा २३ गतेको घटनालाई लिइएको छ, तर २४ गतेको घटनालाई हेरिएको छैन, सरोकारवाला र विज्ञहरूको समिति बनाएर कार्की आयोगको प्रतिवेदन र मानवअधिकार आयोगको प्रतिवेदनका विषयमा छलफल हुन्छ' उनले भने ।

पार्टीको भातृसंस्थाका बारेमा छलफल भई चुस्तदुरुस्त बनाउन दुई महामन्त्रीको समन्वयमा समिति बनाएका दावी गर्दै उनले प्रवक्ता चालिसेले पार्टीको विधान, नीति र निर्देशिका परिवर्तन गर्नका लागि सहमहामन्त्री योगेन्द्र चौधरीको नेतृत्वमा समिति बनाएको जानकारी दिए ।

# देश र जनतालाई केन्द्रमा राख्नोस् : ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणामबाट निराश नभई देश र जनताका पक्षमा दृढतापूर्वक काम गर्न आफ्ना सांसदहरूलाई निर्देशन दिएका छन् । प्रतिनिधिसभाका नवनिर्वाचित सांसदहरूले बिहीबार शपथ लिएसँगै पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले प्रतिनिधिसभा र राष्ट्रियसभामा रहेका आफ्ना सांसदलाई जनहित र राष्ट्र निर्माणलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका हुन् ।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीले यसअघि पनि पार्टीले देश र जनता पक्षमा काम गरेको स्मरण गराउँदै आगामी दिनमा समेत मुलुकको समृद्धिका पक्षमा काममा लाग्नुपर्नेमा जोड दिए । निरन्तर सत्य, समृद्धि र विकासको मार्गमा रहेकाले आफूहरूका विरुद्ध हुनसक्ने गलत प्रचारविरुद्ध दृढतापूर्वक सामना गर्दै अघि बढ्न अध्यक्ष ओलीले निर्देशन दिएका थिए । 'हामीविरुद्ध तथ्य र तर्कमा आधारित नभई असभ्य र भ्रमपूर्ण रूपमा प्रहार हुनसक्ने भएकाले त्यसको डटेर सामना गर्न एकजुट हुनुको विकल्प छैन । अहिले नै हामीले हरेस खानुपर्ने कुनै आवश्यकता छैन । हामी सत्यको मार्गमा थियौं, छौं र रहनेछौं' अध्यक्ष ओलीले भने 'यस अवस्थामा हाम्रो पार्टी एकताबद्ध र एक ढिक्का भएर अगाडि बढ्नुपर्छ । पार्टीका नीति र निर्णयबमोजिम अनुशासित भएर नेता र सांसद प्रस्तुत हुनुपर्छ ।'

अहिले विश्व राजनीतिमा अराजकता हाबी हुँदै गएको चर्चा गर्दै अध्यक्ष ओलीले संयुक्त राष्ट्रसंघजस्ता निकाय निष्प्रभावी भएका बताए । कार्यक्रममा उपाध्यक्ष रामबहादुर थापा, महासचिव शङ्कर पोखरेल, सचिव पद्मा अर्याललगायत सहभागी थिए ।



# वर्षाले करोडौंका काँचो इँट्टामा क्षति

**काठमाडौं ।** लामो खडेरीपछि गत शुक्रबारदेखि सुरु भएको वर्षा र हावाहुरीले रूपन्देहीका ईँटा उद्योगमा करोडौंको आर्थिक क्षति पुगेको छ । पोल्ने तयारीमा राखिएको काँचो ईँटा भिजेर नष्ट हुँदा सो क्षति भएको हो ।

लुम्बिनी ईँटा उद्योग व्यवसायी संघका पूर्वअध्यक्ष अजयकुमार गुप्ताले गत साताको वर्षाले जिल्लाभर उत्पादित काँचो ईँटामा क्षति पुगेको हो । जिल्लामा अहिले करिब ३० वटा ईँटा उद्योग सञ्चालनमा रहेका लुम्बिनी उद्योग व्यवसायी संघले बताएको छ । 'पछिल्लो समय कोइला र डिजेलजस्ता इन्धनको मूल्यवृद्धिले उत्पादन लागत बढिरहेको अवस्थामा वर्षाका कारण करोडौं मूल्य बराबरको ईँटा नष्ट हुँदा उद्योगी थप संकटमा परेका छन्' गुप्ताले भने । हरेक वर्ष दोहोरिने बेमौसमी वर्षाले उद्योग क्षेत्रलाई दीर्घकालीन असर पार्दै आएको उनले बताए । गणेश ईँटा उद्योग रूपन्देहीका व्यवस्थापक गणेश रायमाझीले बेमौसमी वर्षाका कारण जिल्लामा करिव तीन करोडभन्दा बढी काँचो ईँटा नष्ट भएको जानकारी दिए । 'पोल्नका लागि तयारी अवस्थामा राखिएका काँचो ईँटा पानीले भिजेर पूर्ण रूपमा नष्ट भएका छन्' उनले भने ।

रायमाझीले प्रत्येक काँचो ईँटाको औसत मूल्य सात रूपैयाँ पर्ने भएकाले कुल क्षति करोडौं रूपैयाँभन्दा माथि पुगेको जानकारी दिए । काँचो ईँटाको बिमाको व्यवस्था नहुँदा उद्योगीले वर्षेनी ठूलो नोक्सानी व्यहोर्नु परेको रायमाझीको गुनासो थियो । दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो ईँटामा क्षति पुगेको लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी ईँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिए । ईँटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो ईँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाइ आठ करोड ७५ लाख बराबरको क्षति भएको अधिकारीले बताए । उनले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो ईँटा नष्ट भएको बताए । ईँटा व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा ईँटा उद्योगमा तीन करोड ५० लाख काँचो ईँटा नष्ट भएकाले उक्त क्षति भएको बताए । प्रत्येक काँचो ईँटाको मूल्य २.५० पैसा पर्ने अधिकारीले जानकारी दिए ।

खुलाचौरमा तयार पारेर सुक्नका लागि राखिएका अधिकांश ईँटा पानीले भिजेर माटोमा परिणत भएका उनले बताए । कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले जिल्लाका व्यवसायीले ठूलो क्षति बेहोर्नु परेको बाँकेका ईँटा व्यवसायीहरूको भनाइ छ । ईँटा उद्योग व्यवसायी संघ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नु परेको बताए । हिउँदसँगै सुरु हुने ईँटा उत्पादन मौसमको अनियमितताले प्रभावित हुँदा यस क्षेत्रको समग्र लगानी र रोजगारीमा समेत असर पर्दै आएको भन्दै दुवै जिल्लाका व्यवसायीले सरकारले काँचो ईँटाको बिमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा आफूहरूलाई ठूलो मर्का परेको उल्लेख गरेका छन् ।

# विभिन्न जिल्लामा बर्डफ्लु पुष्टि, पक्षी ओसारपसारमा रोक

**काठमाडौं ।** झापालगायत देशभरका विभिन्न जिल्लामा पक्षीजन्य संक्रमण 'बर्डफ्लु'को संक्रमण फैलिएको छ । झापास्थित दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिक रूपमा पालिएका कुखुरामा 'बर्ड फ्लु' देखा परेपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको हो ।

जिप्रका झापाले एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रविन्दु मानी चारै दिशामा संकटग्रस्ट क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको बताएको छ । निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा संक्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्ण रूपमा रोक लगाइएको उल्लेख गरिएको छ । भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्ड फ्लु पुष्टि भएको छ । संक्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताए ।

जिल्लाका मेचीनगर र अर्जुनधारा नगरपालिकालगायतका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएकाले जोखिम बढेको अनुमान गरिएको छ । प्रमुख भट्टराईले किसानले ल्याएका नमूनाका प्रारम्भिक 'र्‍यापिड टेस्ट' गर्दा 'रिपोर्ट पोजेटिभ' देखिएको र थप प्राविधिक पुष्टिका लागि केन्द्रीय प्रयोगशालामा पठाएर पिसिआर परीक्षण प्रक्रिया अघि बढाइएको जानकारी दिए । प्रमुख भट्टराईले झापालगायत छिमेकी जिल्ला मोरङ र सुनसरीमा समेत रोग फैलिएकाले झापा बर्ड फ्लुको उच्च जोखिममा रहेको जानकारी दिए । मोरङस्थित विराटनगरको दाहाल कृषि फर्म, सुन्दरहरैचा नगरपालिकाको हलेसी महादेव फर्म, उर्लावारी नगरपालिकाको अठियावारी फर्म र कटहरीको ए टु जेड र कामख्या पोल्टी फर्ममा कुखुरामा बर्डफ्लु देखिएको पशुपक्षी रोग अन्वेषण प्रयोगशाला विराटनगरले जनाएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा मृत भेटिएका ठूलो संख्याका कागहरूमा बर्डफ्लु संक्रमित भएको पुष्टि भएको छ । कीर्तिपुर नगरपालिका तथा पशु स्वास्थ्य विभागको संयुक्त टोलीले त्रिवि परिसरमा मृत फेला परेका ६८ वटा काग संकलन गरी पुरेको नगरपालिकाकी पशुसेवा प्रमुख सुशीला गैरेले जानकारी दिए । उता, झापास्थित दमक नगरपालिकामा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा) संक्रमण पुष्टि भएपछि कुखुराको मासु, अण्डा तथा सम्बन्धित सामग्रीको ओसारपसारमा प्रतिबन्ध लगाइएको छ । दमक नगरपालिकाका-१० मा सञ्चालित एक लेयर्स कुखुरा फार्ममा कुखुरा बिरामी भई मर्न थालेपछि गरिएको प्रयोगशाला परीक्षणबाट संक्रमण पुष्टि भएको हो ।

सुनसरी जिल्लाका विभिन्न ठाउँमा बर्डफ्लु पुष्टि भएसँगै प्रभावित फार्ममा कुखुरा तथा अण्डा नष्ट गर्ने र खोर सरसफाइ गर्ने अभियान सञ्चालन गरिएको छ । सुनसरीको इटहरी उपमहानगरपालिकाका ६ वटा तथा दुहवी नगरपालिका र गढी गाउँपालिकाका एक/एक गरी जिल्लाका ८ वटा कृषि फार्ममा बर्डफ्लु संक्रमण पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवा सुनसरीका प्रमुख डा मनोजकुमार महतोले जानकारी दिए ।

उनका अनुसार इटहरी-१९ स्थित ओकेओ कृषि प्रालि, गढी गाउँपालिका-५ को सञ्जित कृषि फार्म, आलम कृषि फार्म, इटहरी-१८ को रानी कृषि फार्म, तथा इटहरी-१७ को लक्ष्मी पोल्ट्री फार्म र इटहरी-१९ को प्रभु कृषि फार्म, दुहवीस्थित सुनसरी कृषि फार्म र इटहरी-१८ को साझा ह्याचरीमा समेत बर्डफ्लुको संक्रमण देखिएकाले हो ।

# पाँच वर्ष द्वन्द्व र दुर्घटना नआउने गरी भूमिका निर्वाह गर्छौं : थापा

**ललितपुर ।** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन् । केन्द्रीय कार्यालय सानेपामा मंगलबारदेखि सुरु भएको केन्द्रीय कार्य समितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले जनमतले संघीय संसदमा दिएको प्रतिपक्षको भूमिका जिम्मेवार भएर निर्वाह गर्ने धारणा व्यक्त गरेका हुन् ।

'संविधान, पार्टीको विधान र प्रतिज्ञापत्रमा आधारित रहेर प्रतिपक्षको भूमिका निर्वाह गर्छौं' उनको भनाइ थियो '२०८२ देखि २०८७ सम्मको अवधि सुशासन, सेवा र विकासको गतिमा अगाडि जान राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपाली कांग्रेसको सहयोग र साथ रहन्छ, अबको पाँच वर्ष कुनै पनि द्वन्द्व र दुर्घटना नआउने गरी भूमिका निर्वाह गर्छौं ।' प्रतिकूल अवस्थामा निर्वाचनमा होमिनु परेको दृष्टान्त पेश गर्दै उनले निर्वाचन परिणामपछि जवाफदेही भएर आफूले सभापति पदबाट राजीनामा दिएको चर्चा गरे । 'मेरो अपेक्षाभन्दा भिन्न निर्णय केन्द्रीय समितिले गरेको छ' उनको भनाइ थियो 'बाँकी ठिक बेठिकको निर्णय आगामी महाधिवेशनले गर्छ, अब हामी महाधिवेशनतर्फ अगाडि बढ्छौं ।'

अबको सरकारसँग सुशासनका सन्दर्भमा नागरिकको विशिष्ट अपेक्षा रहेको भन्दै उनले अख्तियारको दुरूपयोग, नीतिगत भ्रष्टाचारको विषयमा प्रस्ट छानबिन गर्नुपर्नेमा जोड दिए । '२०४६ पछि सार्वजनिक पदमा बसेको सबैको सम्पत्ति छानबिन गरेर जानुपर्छ, अवैध सम्पत्ति जफत गर्नुपर्छ' उनले थपे 'यसका लागि आयोग बनाएर जानुपर्छ ।' निर्वाचनको विषयमा पार्टीको समीक्षा भइसकेको उल्लेख गर्दै उनले बैठकबाट निर्णय गरेर सातै प्रदेशमा समीक्षा गरिने जानकारी दिए ।

# सीआईएले कब्जा गरेर घन्टीमा भोट हाल्न लगायो : केसी

**काठमाडौं ।** राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसीले फागुन २१ मा सम्पन्न भएको निर्वाचन विदेशीको हस्तक्षेपमा परेको आरोप लगाएका छन् । विभिन्न नेताहरूले नेपालको राजनीतिमा विदेशीको हस्तक्षेप भएको टिप्पणी गरिरहेका बेला नेता केसीले तोकेरै अमेरिकामाथि हस्तक्षेप गरेको आरोप लगाएका हुन् ।

केसीले सोमबार एक पत्रकार सम्मेलनमा बोल्दै विदेशमा रहेका नेपाली सीआईएको कब्जामा रहेको टिप्पणी गरे । 'कतिसम्म लाजमर्दो भने विदेशमा जहाँजहाँ जागिर खान गएका छन्, पढ्न गएका विद्यार्थी छन्, ति सबलाई सीआईएले कब्जा गरेको छ' अध्यक्ष केसीको भनाइ थियो 'उनीहरू आफ्ना आमाबाबु अभिभावकलाई घण्टीमा है भोट घण्टीमा, हैन भने म घर आउँदैन । यस्तो देश हुँदाखेरी पनि हामी चिन्तित हुने कि नहुने ।' अहिले सिंहदरबार र सर्वोच्च जलाउनेहरू ठूलो संख्यामा आएको भन्दै सधैँ जनताले सही निर्णय नदिने टिप्पणी गरेका अध्यक्ष केसीले भने 'सिंहदरबार डढाउनेहरू, सर्वोच्च अदालत डढाउनेहरू, संसद डढाउनेहरू अहिले त ठूलो संख्यामा आए त । जनताले सधैँ सही फैसला गर्छन् भन्ने कुरा होइन ।' अध्यक्ष केसीले जनतालाई यो अवस्थामा लैजाने कम्युनिस्ट नाम गरेकै शक्ति समेत रहेको चर्चा गरे । 'तपाईंहरूले मलाई संसदमा सुन्नुभएकै छ । कि तिमीहरू सच्चियो, कि सक्किन तयार होऔं भन्ने कुरा भनेकै थिएँ' उनको भनाइ थियो ।

नेपालको स्थितिलाई लिएर सबै दलका नेतासँग बसेर छलफल गर्ने बताएका अध्यक्ष केसीले अहिले प्रत्यक्ष कार्यकारीको कुरा आएको बताए । अमेरिकी राष्ट्रपति समेत प्रत्यक्ष कार्यकारी नभएको बताएका अध्यक्ष केसीले भने- 'अमेरिका जस्तो लामो प्रजातान्त्रिक संस्कार भएको देशले ट्रम्प जस्तालाई चुन्छन्, जनताले सधैँ सही फैसला दिन्छन् भन्ने त हुँदो रहेनछ ।'

# वामएकताका लागि झापाबाट आह्वान

**काठमाडौं ।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले नेपालका वामपन्थी शक्तिहरूले गम्भीर भएर सोच्ने बेला आएको चर्चा गर्दै वाम आन्दोलनको पुनर्गठन र एकताबारे आह्वान गरेको छ ।

अहिलेको मत परिणामको विश्लेषण गर्दै विभिन्न वामपन्थी नेताहरूले झापाबाट आन्दोलनको पुनर्गठन र एकताको आह्वान गरेका हुन् । यस पटकको चुनावी पराजयलाई 'इतिहासकै गम्भीर मोड'का रूपमा व्याख्या गर्दै तत्काल आत्मसमीक्षा र संरचनागत सुधारको आवश्यकता औंल्याएका नेताहरूले सोमबार जारी गरेको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ 'संसदीय निर्वाचनमा यसस्तरको पराजय पहिलो पटक हो, जसले आन्दोलनको भविष्यमाथि नै गम्भीर प्रश्न खडा गरेको छ ।' वामपन्थी धार कमजोर बन्दै गएको, जनविश्वास घट्दै गएको र समाजवादप्रति आशंका बढ्दै गएको उल्लेख गर्दै उनीहरूले अहिलेको अवस्थालाई सामान्य राजनीतिक उतारचढाव मात्र नभई गहिरो संकटको संकेत भएको बताएका छन् । नेताहरूले पराजयको मुख्य कारण बाह्य शक्तिको प्रभाव मात्र नभई आन्तरिक कमजोरी भएको उनीहरूको विश्लेषण गरेका छन् । 'विदेशी चलखेल सधैं रहन्छ, तर त्यसलाई बहाना बनाएर नेतृत्वले आफ्ना कमजोरी लुकाउन खोज्नु स्वीकार्य हुँदैन' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संयुक्त विज्ञप्तिमा लामो समयदेखि पार्टीहरूभित्र बढ्दै गएको गुटबन्दी, विधान उल्लंघन, सत्ताकेन्द्रित राजनीति र जनतासँगको दूरीले वाम आन्दोलनलाई कमजोर बनाएको उल्लेख गर्दै पार्टी नेतृत्वप्रति तीव्र असन्तुष्टि समेत व्यक्त गरिएको छ ।

'एकपछि अर्को सफलता नेतृत्वकै कारण थियो भने अहिलेका गम्भीर समस्याको मुख्य कारण पनि नेतृत्व नै हो' भन्दै संयुक्त विज्ञप्तिमा नेतृत्व परिवर्तन अपरिहार्य भएको निष्कर्ष निकालिएको छ । 'जनताले ठूला सुधारको अपेक्षा गरेका थिए, तर नेतृत्व फेरिएन, शैली फेरिएन' सोही विज्ञप्तिमा उल्लेख गरिएको छ 'अब एकीकृत पहल बिना आन्दोलन बचाउन सकिँदैन ।'

विज्ञप्तिमा विगतका आन्दोलनहरू स्मरण गर्दै वाम शक्तिहरूको योगदान उल्लेख गरिएको छ । २०४६-४७ र २०६२-६३ का जनआन्दोलन तथा २०७२ को संविधान निर्माणमा वामपन्थीहरूको निर्णायक भूमिका रहेको भन्दै त्यसलाई 'गौरवपूर्ण विरासत' का रूपमा चित्रण गरिएको छ । २०७४ मा नेकपा एमाले र माओवादी केन्द्रबीचको एकताले वाम शक्तिलाई उच्च स्थानमा पुर्‍याएको भए पनि त्यसपछिका विभाजन र राजनीतिक घटनाक्रमले अहिलेको अवस्था सिर्जना गरेको उल्लेख गरिएको छ । विज्ञप्तिमा 'एकताको विकल्प छैन' भन्ने निष्कर्षसहित देशभरका वामपन्थी शक्तिहरूलाई एकजुट हुन आह्वान गरेका छन् ।

एमाले अध्यक्ष केपी ओलीका राजनीतिक सहयात्री, २०२८ को झापा आन्दोलनका अगुवा र सबैभन्दा लामो जेल जीवन बिताउने नेता नरेश खरेललगायतले संयुक्त विज्ञप्तिमार्फत त्यस्तो आह्वान गरेका हुन् ।

पार्टीमा ओलीको हालीमुहाली भएको भन्दै एमालेको १०औं महाधिवेशनलगत्तै पार्टी छाडेको घोषणा नेता खरेलसहित एमालेका पूर्व केन्द्रीय सदस्य रविन कोइराला र गणेश पोखरेल, नेपाली कम्युनिस्ट पार्टीका झलकसिंह दर्लामी, पुष्प पोखेल, ज्योतिसिंह दर्लामी, रन्जित तामाङ, नेकपा संयुक्तका निलमणी बराल, नेकपा (माओवादी)का अर्जुन पाण्डे, प्रगतिशील लोकतान्त्रिक पार्टीकी लक्ष्मीदेवी न्यौपाने सरुलगायतले विज्ञप्तिमा हस्ताक्षर गरेका छन् ।

'हामी या त एक भएर आन्दोलनको गरिमा फर्काउँछौं, या विभाजित भएर यसको अवसानका साक्षी बन्छौं' सो विज्ञप्तिमा उल्लेख गरिएको छ 'अब बीचको बाटो छैन ।'

# 'गंगाको घरमा पैसा भेटिएको निराधार हल्ला'

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भदौ २४ गतेको 'जेन-जी' आन्दोलनका क्रममा आफ्नी सुपुत्री गंगा दाहालको घरमा पैसा भेटिएको भनी गरिएको प्रचार पूर्णतः निराधार र कपोलकल्पित भएको बयान दिएको कार्की आयोगको दावी छ । आन्दोलनको छानबिन गर्न गठित न्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई बयान दिँदै पूर्व प्रधानमन्त्री दाहालले आफू र आफ्नो परिवारले कुनै पनि अवैध आयस्रोतबाट आम्दानी नगरेको स्पष्ट पारेका हुन् ।

'भदौ २४ गते काठमाडौंमा म बस्दै आएको भाडाको निवास तथा चितवन स्थित घरमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । काठमाडौंमा मेरो आफ्नै घर छैन । मेरो सुपुत्री गंगा दाहालको घरमा अवैध नगद भेटिएको भन्ने प्रचार निराधार हो । न त त्यस्तो नगद भेटिएको छ, न त हामीले कुनै अवैध आयस्रोतबाट आम्दानी गरेका छौं' उनले उक्त बयानमा भनेका छन् । कार्की आयोगको प्रतिवेदन लुकाएको भन्दै सरकारको आलोचना भइरहेको बेला 'जनआस्था साप्ताहि'को सौजन्यमार्फत बाहिरिएको सो प्रतिवेदनमा प्रचण्डले भदौ २३ गते भएको दमनको भर्त्सना गर्दै आन्दोलनकारीलाई सहिद घोषणा गर्न आफूले सार्वजनिक अपिल गरेको र २४ गते सिंहदरबारमा सर्वदलीय बैठकमा सहभागी भएको जानकारी दिए ।

पूर्वप्रधानमन्त्री दाहालको बुझाइमा सो आन्दोलन सरकारको कार्यशैलीप्रति जनतामा बढ्दै गएको असन्तुष्टि र आक्रोशको परिणाम हो । सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धले आन्दोलनलाई तत्काल उक्साएको भए पनि २४ गते आन्दोलनको स्वरूप बदलिएको र गलत तत्त्वहरूले यसलाई उपयोग गरेको उनको निष्कर्ष छ । बयानका क्रममा प्रचण्डले काठमाडौंमा आफ्नो निजी घर नभएको र आफू भाडाको निवासमा बस्दै आएको बताए। भदौ २४ गते काठमाडौंको भाडाको निवास र चितवनको घरमा तोडफोड तथा आगजनी भएको उल्लेख गर्दै उनले यसलाई व्यवस्थामाथि नै गरिएको नियोजित प्रहारको रूपमा चित्रण गरे। सिंहदरबार, शीतल निवास र संसद भवन जस्ता संवेदनशील ठाउँमा भएको आक्रमण केवल सरकारविरुद्धको आक्रोश मात्र नभई लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउने प्रयास भएको उनको ठहर गरेका छन् । पार्टीको संलग्नता र घुसपैठको आशंका आफ्नो पार्टीले 'जेन–जी' आन्दोलनको भावनालाई समर्थन गरे पनि कुनै पनि हिंसात्मक गतिविधिमा संलग्नता नरहेको प्रचण्डले प्रस्ट पार्दै बयानमा 'यदि हाम्रो पार्टीका कोही व्यक्ति कानुन विपरीतका कार्यमा संलग्न भएको प्रमाणित भए, उसले कानुनी कारबाही भोग्नुपर्छ' भनेको छन् ।

उनले आयोगलाई दिएको बयानमा आन्दोलनमा आन्तरिक तथा बाह्य घुसपैठ भएको संकेत गर्दै युवाहरूले २४ गते नै घुसपैठको आशंकामा घर फर्किन आग्रह गरेको तथ्यलाई राखेका छन् । प्रचण्डले आफ्नो कार्यकालमा नियुक्ति र सरुवा-बढुवामा योग्यता प्रणालीलाई प्राथमिकता दिएको दाबी गरे । राजनीतिक हस्तक्षेपले प्रहरी, निजामती र न्याय सेवाको व्यावसायिकतामा असर पारेको चर्चा गर्दै उनले यसका लागि राजनीतिक प्रणाली र आर्थिक संरचना पनि जिम्मेवार रहेको बताए ।

ट्रेड युनियन अधिकार संविधानले दिएको भए पनि राज्य संयन्त्रलाई राजनीतिक थलो बनाउन नहुने र विद्यार्थी संगठनहरू शैक्षिक सुधारमा लाग्नुपर्ने उनको सुझाव छ । भविष्यमा यस्ता घटना दोहोरिन नदिन युवा केन्द्रित रोजगारी र अवसरका कार्यक्रमहरू ल्याउन आवश्यक रहेको समेत पूर्वप्रधानमन्त्री दाहालको बयानमा औंल्याइएको कार्की प्रतिवेदनमा उल्लेख छ ।

# भदौ २४ लाई विस्मृतिमा धकेल्न खोजे पनि असम्भव : बाँस्कोटा

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का नेता एवं पूर्व सूचना सञ्चार तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटाले 'जेन-जी' आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदनले भदौ २४ गतको विध्वंसात्मक घटनालाई विस्मृतिमा धकेल्न खोजेको धारणा व्यक्त गरेका छन् ।

तत्कालीन सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि आक्रोशित बनेका युवाहरूले सुशासनको माग गर्दै सुरु गरेको भदौ २३ र २४ गतेको 'जेन-जी आन्दोलन' को जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वले तयार पारेको प्रतिवेदनबारे इतिहासले जवाफ मागेका पात्र र प्रवृत्ति कठघरामा उभिएर जवाफ दिने भए पनि त्यो एकतर्फी नहुने बताएका छ ।

बिहीबार उनले सामाजिक सञ्जालमा लेखेका छन्- 'इतिहासले जवाफ मागेका पात्र र प्रवृत्तिले कठघरामा उभिएर जवाफ त देलान् नै । तर त्यो एकतर्फी हुन सक्दैन । र, घटनाहरूमा स्वतन्त्र कारण रहे पनि देखा परिसक्दा ती एक्ला हुँदैनन् । कारण, परिणाम र प्रभाव मात्र हैन अर्को पक्ष पनि सँगै भएकै हुन्छ । कार्की आयोगले २४ गते विस्मृतिमा धकेल्न खोजे पनि सम्भव छैन ।'

# बादल संसदीय दलको नेता बन्ने निश्चित

**काठमाडौं ।** गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ चुनाव लडेका नेपाल कम्युनिस्ट पार्टी (एमाले)का ११ पदाधिकारी सबै पराजय भएपछि उपाध्यक्ष रामबहादुर थापा 'बादल' संसदीय दलको नेता बन्ने लगभग निश्चित भएको छ ।

१९ सदस्यीय एमाले पदाधिकारीमध्ये उपाध्यक्ष थापासँगै सचिव पद्मा अर्याल समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका हुन् । पूर्वमाओवादी नेता समेत रहेका उपाध्यक्ष थापा वरिष्ठताको हिसाबले संसदीय दलको नेता बनाउने गरी एमाले नेताहरूबीच अनौपचारिक कुराकानीहरू भइरहेको एक नेताले जानकारी दिए । प्रत्यक्षतर्फ अध्यक्ष, महासचिव, उपाध्यक्ष, उपमहासचिव र सचिवहरू सबैले हार बेहोरेका थिए । एमालेले प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ १६ सांसद जितेको छ । प्रत्यक्षतर्फ अध्यक्षसहितका पदाधिकारीले चुनाव नजितेपछि वरिष्ठताको हिसाबले पनि थापालाई संसदीय दलको नेता बनाउने तयारी भएको हो ।

अध्यक्ष केपी शर्मा ओली पितृशोकमा रहेकाले औपचारिक रूपमा त्यसबारे कुराकानी नभए पनि 'वेट'को हिसाबले बादलबाहेक अरू सांसद दलको नेता हुने सम्भावना कम रहेको अध्यक्ष ओली निकटका एक नेताले बताए । 'अध्यक्ष अहिले पितृशोकमा हुनुहुन्छ । शोकमा भएका बेला त्यसबारे कुनै छलफल हुने कुरा पनि भएन', एक पदाधिकारीको भनाइ थियो 'तर निर्वाचित सांसदहरू मध्येबाट उपाध्यक्ष थापा नै दलको नेता बन्ने देखिन्छ ।' एमालेभित्र पछिल्लो समय युवा पुस्ताका सांसदलाई दलको नेता बनाएर पार्टीमा थोरै पनि परिवर्तनको आभास दिलाउनुपर्ने आवाज नउठेको भने होइन । प्रत्यक्षतर्फ इलाम २ बाट जितेका सुहाङ नेम्वाङ, ताप्लेजुङबाट क्षितिज थेवे, धनकुटाबाट राजेन्द्र राई, बझाङबाट ऐन महरजस्ता युवा नेताले चुनाव जितेका छन् । त्यसबाहेक अछामबाट यज्ञबहादुर बोगटी, दैलेख-२ बाट लक्ष्मीप्रसाद पोखरेल,बाँके -२ बाट मोहम्मद इश्तियाक राई, दार्चुला १ बाट गणेश सिंह ठगुन्ना र सङ्खुवासभाबाट अर्जुनकुमार कार्कीले समेत प्रत्यक्ष निर्वाचन जितेका छन् । दलको नेता चयनबारे पार्टीमा औपचारिक छलफल नभएको बताउँदै सचिव अर्यालले भनिन्, 'अध्यक्ष शोकमा हुनुहुन्छ । दुःखबाट उक्सेपछि बैठक बसेर छलफल होला । अहिले नै यो उ भन्ने केही छैन ।'

'पाँच वर्ष एमाले सरकार बनाउने र सरकारमा जाने अवस्था होइन त्यसैले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न सोही अनुसार नेता दलको चयन होला' सचिव अर्यालको भनाइ थियो । एमालेले प्रतिपक्षबाट जनताको मतको रक्षा गर्दै सरकारलाई सही ट्र्याकमा ल्याउने पनि सशक्त नेताको चयन हुनुपर्ने सचिव अर्यालको भनाइ थियो । संसदमा एमालेको भूमिका जनताको हित र राष्ट्रहितको पक्षमा सशक्त हुने भन्दै उनले राम्रो काममा सहयोग र गलत कार्यमा कडा खबरदारी गर्ने पक्षमा रहेको बताइन् । दलको नेताबारे अध्यक्ष ओलीसँग आफ्नो अहिलेसम्म कुनै छलफल र कुराकानी नभएको सांसद नेम्वाङले बताए । 'अहिले अध्यक्षसँग कुरा गर्ने अवस्था पनि छैन, गरेको पनि छैन । हतार पनि छैन' उनले भने 'पार्टीले गर्ने निर्णय हामीले मान्ने हो ।' सुहाङ संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङका छोरा समेत हुन् । बुबाको निधनपछि भएको उपनिर्वाचनमा सोही क्षेत्रबाट निर्वाचित भएर पहिलो पटक संसदमा छिरेका थिए ।

अध्यक्ष ओलीको रोजाइमा परेका थापा तत्कालीन एमाले र माओवादीबीच एकतापछि बनेको नेकपा कालदेखि अध्यक्ष ओलीनिकट नेताको छवि बनाउँदै आएका छन् । प्रचण्ड छाडेर ओलीतिर लागेका थापालाई त्यसयता सबैभन्दा धेरै अवसर पाउने नेताका रूपमा समेत हेरिँदै आएको छ । फेरि पछि नेकपा विभाजन हुँदा बादलसहित नेताहरू लेखराज भट्ट र टोपबहादुर रायमाझी पनि एमालेमै बसेका थिए । नेकपा विभाजनपछि पहिलो पटक २०७८ सालमा चितवनमा भएको एमालेको १०औं महाधिवेशनमा उपाध्यक्ष पद पाएका थापाले ११ औंमा पनि उपाध्यक्ष सुरक्षित गरेका थिए ।

भदौको 'जेन-जी' आन्दोलनपछि भएको निर्वाचनमा एमालेका धेरै पदाधिकारीहरू प्रत्यक्ष निर्वाचन लड्दा पनि थापाले भने ओलीकै चाहनामा समानुपातिक सूचीमा बसेर सांसद पद सुरक्षित गर्न सफल भएका थिए ।

# नेकपामा 'सात लाखभन्दा बढी मत' को खोजी

**काठमाडौं ।** गत फागुन २१ मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सात लाखभन्दा बढी मत घटेको विषयलाई लिएर नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भित्र चासो र चर्चा बढेको छ । निर्वाचनबाट निर्णायक र पहिलो शक्तिको रूपमा स्थापित हुने आन्तरिक मूल्याङ्कन फेल खाएसँगै नेकपाले १६५ निर्वाचन क्षेत्रको वस्तुगत रिपोर्ट पठाउन तल्ला समितिलाई निर्देशन दिएको हो ।

नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा गत फागुन २८ गते बसेको निर्वाचन परिचालन समितिको पछिल्लो बैठकमा चुनावी परिणामबारे प्रारम्भिक समीक्षा गरेको थियो । पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' तीन वर्षको अवधिमा प्रत्यक्ष निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १० सिट र समानुपातिकतर्फ ७ लाखभन्दा बढी मत घटेपछि आक्रोशित बनेका हुन् । जिल्ला-जिल्लाबाट केन्द्रीय सदस्यहरूले समेत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई भोट हालेको रिपोर्ट आएको भन्दै संयोजक दाहालले उनीहरूलाई कारबाहीको चेतावनी दिएका हुन् ।

बिहीबार केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित जनवर्गीय संगठनको भेलालाई सम्बोधन गर्दै संयोजक दाहालले सबै निर्वाचन क्षेत्रबाट ठोस रिपोर्ट आएपछि कारबाही सुरु गर्ने चेतावनी दिएका छन् । कारबाही प्रक्रिया समेत केन्द्रीय सदस्यबाटै सुरु हुने पनि संयोजक दाहालले बताएका छन् । 'कसले भोट हालेनन् ? कसले घन्टीमा हाले, त्यो रिपोर्ट दिनै पर्‍यो हामीलाई । तिनलाई कारबाही गर्नैपर्छ, नत्र पार्टी बनाउन सकिँदैन' संयोजक दाहालको भनाइ थियो 'सबैभन्दा पहिला केन्द्रीय सदस्यबाट कारबाही सुरु गरिन्छ । पचास प्रतिशत घन्टीमा गएको सामान्य रिपोर्ट आएको छ । ठोस रूपमा ल्याउनोस् । तिनलाई हामीले आँखा चिम्लिएर कारबाही गर्छौं । पार्टी पुनर्गठन यहींबाट सुरु हुने हो । नयाँ पार्टी बनाउने सुरुवात हुने हो ।'

अघिल्लो निर्वाचनमा प्रत्यक्षमा १८ र समानुपातिकमा १४ गरी माओवादी केन्द्र एक्लैले ३२ सिट जितेको थियो भने एकीकृत समाजवादीले प्रत्यक्षमा १० सिट र नाउपाले चार सिट जितेको थियो । अहिले चुनाव हार्नुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभाव रहेको संयोजक दाहालको जिकिर थियो । 'निर्वाचन परिणाम प्रतिकूल आउनुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभाव छ । म त्यसतर्फ धेरै व्याख्या गर्दिनँ । रास्वपाको उम्मेदवार चिनेको छैन । हावा-हुरी त्यस्तै आयो । घन्टी-घन्टी भनेर जनमत प्रभावित भयो' संयोजक दाहालको भनाइ थियो 'विचार, राजनीतिक हिसाले हामीले जितेका छौं । जनयुद्ध र जनआन्दोलनले स्थापित गरेको संघीयता, समावेशी, धर्मनिरपेक्षता, लोकतन्त्र जोगिएको छ । यो पटक पराजय भयो भन्दैमा निराश नहुनोस् । अर्को पटक फेरि उठ्छौं ।' उनले पार्टीलाई विचार र राजनीतिसँगै संगठनलाई चुस्त बनाउन ध्यान केन्द्रित गर्ने बताए ।

कार्यक्रममा सहभागी नेता राजेन्द्र श्रेष्ठले अन्य दलको तुलनामा नेकपाको क्षति कम भएको जिकिर गरे । नेकपाका प्रवक्ता अग्निप्रसाद सापकोटाले चुनावी परिणामबारे सचिवालय बैठकमा गम्भीर समीक्षा हुने बताए । प्रवक्ता सापकोटाले पार्टी पुनर्गठन र रूपान्तरणका लागि असारमा एकता महाधिवेशन गर्नेगरी छलफल अगाडि बढ्ने बताए । 'हाम्रो पार्टीले किन लगातार धक्का खाइरहेको छ, त्यसबारे गम्भीर समीक्षा हुन्छ । केही दिनमा सचिवालय बैठक बस्छ' प्रवक्ता सापकोटाको भनाइ थियो 'विचारको संश्लेषण सहित पार्टी रूपान्तरण तथा पुनर्गठनका लागि असारमा महाधिवेशन गर्नेगरी केन्द्रीय समिति बैठक पनि बोलाउने छौं ।'

# पार्टी पुनर्गठन गर्छौं, बिचलित नहुनोस् : पुन

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले बिचलित नहुन नेता-कार्यकर्तालाई आग्रह गरेका छन् । काभ्रेस्थित अनेकोटमा २८औं सहिद सांस्कृतिक दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नो पुनले नेकपा धेलो टक्टकाएर अघि बढ्ने बताएका हुन् ।

'विचार, राजनीति, संगठन, नेतृत्व, शैली तथा तौरतरिकाबारे पुनर्मूल्यांकन गरी देश र जनताको भावनाअनुसार अघि बढ्छौं' भन्दै उनले जनआकांक्षा र मुलुकको आवश्यकता अनुसार नेकपालाई पुनर्गठन हुने र कुनै दिन फेरि मुलुकको नेतृत्व गर्ने बताए । आफूहरू रूपान्तरण र सुशासनको एजेण्डा लिएर निर्वाचनमा जाँदा पनि जनताले नेकपालाई पनि पुरानै राजनीतिक शक्तिको कोटीमा राखेको नेता पुनको भनाइ थियो । 'हामी भदौ २३ गते शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका नवयुवाहरूमाथि गोली चलाउने प्रवृत्तिको पक्षमा थिएनौं, छैनौं र हुने छैनौं । त्यसैगरी २४ गते सिंहदरबार जलाउने सहित विध्वंश गर्नेको पक्षमा थिएनौं, छैनौं र हुने छैनौं । तर, जनताले हामीलाई पनि पुरानै ढर्राको ठान्नुभयो । हामी पुरानो हौं, तर उस्तै खालका पुराना होइनौं । हामीले अवस्था बदल्न कोसिस गरेकै हौं । फेरि जनतामा जान्छौं' नेता पुनले थपे 'कुनै अहंकार, विचलन, निराशा होइन, सहिदहरूको बलिदानलाई आत्मसात गर्दै नयाँ ढंगले धुलो टक्टकाएर उठ्ने संकल्प गर्नुपर्छ ।'

१० वर्षे जनयुद्धका बेला धेरै पटक ठूला-ठूला बलिदान, क्षति र हार भए पनि नेतृत्वले हार नमानेको उल्लेख गर्दै उनले भने 'त्यतिबला पनि हामीले हार मानेनौं । हाम्रो अहिलेसम्मको विचार, राजनीति, संगठन, नेतृत्व, शैली, तौरतरिकाहरूलाई एकपटक ठण्डा दिमागले पुर्नमूल्यांकन गनुपर्छ र फेरि देश जनताको भावनाअनुसारको बाटोमा हामी अघि बढ्नुपर्नेछ ।' जनताले निर्वाचनमार्फत नयाँ भनिएका दलहरूलाई अभिमत प्रकट गरेर पुराना दल तथा नेतृत्वमाथि आफ्नो कार्यशैली तथा तौरतरिका बदल्न खबरदारी गरेको टिप्पणी गर्दै उनले जनताले गरेको खदरदारीलाई सच्चिनका लागि दिएको अवसरका रूपमा ग्रहण गर्नुपर्ने बताए । 'विचार, राजनीति, इतिहास केही नहुनेहरूले पनि आज आफूलाई नयाँ पार्टी दाबी गरेर झण्डै दुई तिहाई प्राप्त गरेका छन् । जनताले उनीहरूलाई विश्वास गरेका छन् । जनताको अभिमतलाई हामीले स्वीकार्नुपर्छ' उनको भनाइ थियो 'अर्कोतिर जनताले हामीलाई सच्चिनका लागि घच्घच्याएको लाई हामीले राम्रो अवसरका रूपमा लिनुपर्छ ।'

कुनै बेला देशभर जम्मा ६० जना पूर्णकालिन कार्यकर्ता लिएर प्रचण्डले जनयुद्धको नेतृत्व थालेको स्मरण गर्दै उनले धेरै मानिसले जनयुद्धबाट परिवर्तन गर्छौं भन्दा उतिबेला मुर्खता ठानेको बताए । उतिबेला ६० जनाले थालेको जनयुद्धमा हजारौं किसान, मजदुर, बुद्धिजिवी र आमजनताले समर्थन गरेर ठूलो रूप लिएको र परिवर्तन सम्भव भएको उनको भनाई थियो । आफ्ना संयोजक दाहाल नेतृत्वको तत्कालीन सरकारले १८ महिना भ्रष्टाचारविरुद्ध सशक्त रूपमा सुशासन अभियान चलाएको र सोही अभियान समातेर जेन-जी नवयुवाहरूले २३ भदौमा आन्दोलन गरेको दाबी पुनले गरे । प्रचण्ड नेतृत्वको सरकार ढालेर सत्तामा पुगेका काग्रेस र एमाले सम्मिलत सरकारको कूशासनविरुद्ध पटक पटक खबरदारी गर्दा पनि सुनुवाई नभएको गुनासो उनले गरे । 'सोही कारण २३ र २४ भदौको घटना भयो,' उनले भने, 'देश कता जाँदैछ, जनता कता जाँदैछन् भन्ने हामीले थाहै नपाएको अवस्था होइन । बंगलादेश श्रीलंका जस्तो विस्फोट हुँदैछ भनेर तत्कालीन सत्तारुढ दलहरूलाई सडक र सदनबाट सचेत गरायौं । तर, सुनुवाई भएन। जेनजी विद्रोहको रूपमा जनभावना विस्फोट भयो ।'

निर्वाचनमार्फत झण्डै दुई तिहाई जनमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सुशासन, समानता तथा रोजगारीको अभियान चलाउन तथा सन्तुलित कूटनीतिक सम्बन्धमार्फत मुलुकको अस्तित्व र स्वाधीनता बलियो बनाउने काममा लाग्न सुझाव दिँदै पुनले ती काममा आफ्नो पार्टीको साथ रहने बताए ।

# सभापति थापाको राजीनामा अस्वीकृत

**काठमाडौं ।** नेपाली काग्रेसको केन्द्रीय कार्यसमितिले सभापति गगन थापाको राजीनामा अस्वीकृत गर्ने निर्णय गरेको छ । निर्वाचनमा पार्टी र आफैंले समेत हार बेहोरेका थापाले नैतिक जिम्मेवार लिँदै बुधबार उपसभापति विश्वप्रकाश शर्मालाई राजीनामा बुझाएका हुन् ।

शर्माले प्रस्तुत गरेको राजीनामा आइतबारको बैठकले सर्वसम्मतिबाट अस्वीकृत गर्ने निर्णय लिएको हो । दुई दिनमा बोल्ने पार्टी पदाधिकारी तथा सदस्यसहित १ सय २ जनाले नै सभापति थापाको राजीनामा अस्वीकृत हुनुपर्ने मत राखेका थिए । राजीनामा पत्रमा थापाले पार्टीभित्र सुरु भएको परिवर्तनले कार्यकर्तामा उत्साह जगाए पनि आम मतदातासम्म 'बदलिएको काग्रेस'को सन्देश प्रभावकारी रूपमा पुऱ्याउन पर्याप्त समय प्राप्त हुन नसकेको भनेका थिए । थापाले नैतिकताको आधारमा आफूले राजीनामा दिए पनि पार्टी सुधार र पुनर्निर्माणको यात्राबाट अलग नभएको बताएका थिए । केन्द्रीय कार्यसमितिले राजीनामा अस्वीकृत गर्ने निर्णय लिएसँगै थापा पार्टी सभापतिकै भूमिकामा फर्किएका हुन् ।

बैठकले सभापतिको राजीनामा अस्वीकार गर्नुका सातवटा आधार समेत टेकेको छ । निर्वाचन हार्नुमा पनि सभापतिभन्दा पनि संरचनागत समस्या तथा नियन्त्रणबाहिरका परिस्थितिहरू रहेको जनाएको छ । काग्रेसले वर्तमान जटिल राजनीतिक अवस्थामा सभापति थापाको नेतृत्व अझै आवश्यक भएको निष्कर्ष निकालेको छ । थापाले उपसभापति विश्वप्रकाश शर्मा समक्ष विधानको धारा २६ (१) बमोजिम पेश गरेको राजीनामालाई केन्द्रीय कार्यसमितिको बैठकले सर्वसम्मत रूपमा अस्वीकृत गर्ने निर्णय गरेको हो । शुक्रबार र आइतबार पार्टी कार्यालय सानेपामा बसेको बैठकले सभापति थापाको राजीनामा अस्वीकार गर्दा विभिन्न आधारलाई ध्यानमा राखेर निर्णय गरेको छ ।

# कार्की प्रतिवेदन : २३ का दोषी करार, २४ प्रति मौन हुँदा पूर्वाग्रही भएको निष्कर्ष

**काठमाडौं ।** भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको विषयमा पूर्वन्यायाधीश गौरी बहादुर कार्कीको अध्यक्षतामा गठित जाँचबुझ आयोगको प्रतिवेदन यतिबेला चर्चा र विवादको केन्द्रमा छ ।

आयोगले तयार पारेको प्रतिवेदनको पूर्णपाठ सञ्चारमाध्यममार्फत सार्वजनिक भएसँगै अब यसको कार्यान्वयनको विषय के हुन्छ भन्ने प्रश्न उठेको छ । आयोगले बुझाएको प्रतिवेदन आधिकारिक रूपमा सार्वजनिक भने भएको छैन । भदौ २३ र २४ गते 'जेन-जी' आन्दोलनबारे जाँचबुझ गर्न पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठन भएको जाँचबुझ आयोगको प्रतिवेदन सरकारले सार्वजनिक गर्न आनाकानी गरेपछि प्रतिवेदन लुकाएको भन्दै टिक्काटिप्पणी चलिरहेकै अवस्थामा बुधबार एक सञ्चारमाध्यमबाट आयोगको प्रतिवेदन भन्दै एउटा डकुमेन्ट बाहिरिएको हो । सरकारले नभई अन्यत्रैबाट बाहिरिए सो प्रतिवेदनमा भदौ २३ र २४ दुवै दिनको घटनाका सम्बन्धमा फरक व्यवहार भएको भन्दै चर्को आलोचनाले बजार भनै तातेको छ ।

सर्वोच्च अदालतले ३ महिना अगाडि नै आयोगको अध्यक्ष कार्कीको निष्पक्षतामाथि आशंका गर्दै प्रतिवेदन 'शून्य' हुनसक्ने जोखिम औंल्याइसकेको थियो । 'जेन-जी' आन्दोलनका क्रममा भएका घटनाबारे छानबिन गर्न सरकारले गत असोज ५ गते गौरीबहादुर कार्कीको अध्यक्षतामा सदस्य कानुविद विश्वेश्वर भण्डारी र पूर्वएआइजी विज्ञानराज शर्मासहित तीन सदस्यीय छानबिन आयोग गठन गरेको थियो । उतिबेलै आयोगको निष्पक्षता माथि प्रश्न उठाउँदै रिट दर्ता भएपछि सर्वोच्च अदालतले आयोगको अध्यक्षमाथि नैतिकताको प्रश्न उठाएको थियो । सर्वोच्चले नैतिकताको प्रश्न उठाए पनि अध्यक्ष कार्कीले राजीनामा दिएनन् । अहिले कार्की आयोगले बुझाएको प्रतिवेदनको विषयमा भदौ २३ को घटनामा संलग्नलाई दोषी करार गरिएको तर भदौ २४ को विध्वंशको विषयलाई भने छानबिन गर्नुपर्छ भनी पन्छिएको भन्दै प्रश्न उठेका छन् ।

जाँचबुझ आयोगको गठन, यसको कार्यशैली र यसले बुझाएको प्रतिवेदनका सन्दर्भमा कानुनी मात्र होइन, गम्भीर नैतिक प्रश्न समेत खडा भएको अधिवक्ता अनन्तराज लुईंटेलको भनाइ छ । सर्वोच्च अदालतले यसअघि नै दिएको एउटा आदेश र आयोगले आफ्नो क्षेत्राधिकार नाघेर गरेका टिप्पणीहरूले यसको विश्वसनीयतामाथि ठूलो प्रश्नचिह्न खडा गरेको अधिवक्ता लुईंटेलको धारणा छ । कार्की आयोगको गठनकै विषयमा विपीन ढकालले सर्वोच्च अदालतमा मुद्धा दायर गरेका थिए । सो मुद्धामा न्यायाधीशहरू मनोज कुमार शर्मा, नहकुल सुवेदी र श्रीकान्त पौडेलको पूर्ण इजलासले फैसला गर्दै केही गम्भीर कुरा उल्लेख गरेको थियो । आयोग गठन हुनुभन्दा अगाडि नै अध्यक्ष गौरी बहादुर कार्कीले सामाजिक सञ्जाल फेसबुक र सञ्चारमाध्यममार्फत तत्कालीन प्रधानमन्त्री, उपप्रधानमन्त्री, सुरक्षा निकायका प्रमुखहरू लगायतलाई कारबाही गर्नुपर्छ भनी आफ्नो धारणा सार्वजनिक गरिसकेका थिए ।

अधिवक्ता लुईंटेलले कुनै पनि व्यक्तिले कुनै विषयमा पहिल्यै धारणा बनाइसकेको छ भने उसले गर्ने अनुसन्धान निष्पक्ष हुन नसक्ने तर्क रहेको छ । सर्वोच्च अदालतले कार्कीको योग्यतामाथि प्रश्न नउठाए पनि उनको निष्पक्षता र तटस्थतामाथि गम्भीर प्रश्न उठाएको अधिवक्ता लुईंटेलले बताए ।

# सन्तुष्टि र आशा...

र धैरै आशा बोकेर बिदा माग्दै छु।' यस्तो छ प्रधानमन्त्री कार्कीको सम्बोधनको पूर्णपाठ-

**'आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

आज म तपाईंहरू सामु उपस्थित हुँदा मेरो मन केही भारी पनि भएको छ। म सम्झिरहेकी छु, ती कलिला बालबालिका, जसले भदौ २३ र २४ गतेको घटनामा ज्यान गुमाउनुपर्‍यो। ती ऊर्जावान किशोरकिशोरी, जसले आजीवन अपाङ्गता व्यहोर्नुपर्‍यो। ती परिवार, जसले आफ्नो सपना र सहारा गुमाउनुपर्‍यो।

सभ्य र न्यायपूर्ण शासनको आह्वान गर्दै ज्यानको आहुति दिने ती सम्पूर्ण सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धाहरूको स्वास्थ्य लाभको कामना गर्दछु। र, सहारा गुमाउनुभएका परिवारलाई भन्न चाहन्छु, तपाईंहरू एक्लो हुनुहुन्न।

तोडफोड र आगजनीबाट ऐतिहासिक धरोहर, व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा पुगेको क्षतिप्रति पनि गहिरो दुःख व्यक्त गर्दछु। हामी फेरि उठ्नेछौं भन्ने विश्वासका साथ एकजुट भएर अघि बढ्न म सबैलाई आह्वान गर्दछु।

गत भदौ २७ गते मैले यो जिम्मेवारी सम्हाल्दा मेरो मनमा डर र अनिश्चय थियो। तर देश सङ्कटमा रहेका बेला केही आशाको दियो बाल्न सकिन्छ कि भन्ने आत्मविश्वास जुटाएर म यहाँ आएकी थिएँ। परिवर्तनकामी युवापुस्ताको आग्रहमा, छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले मैले यो भूमिका स्वीकार गरेकी थिएँ। अहिले म केही सन्तुष्टि र धैरै आशा बोकेर बिदा माग्दै छु।

हामी सबैलाई स्मरण होला २०८२ भदौ २३ र २४ गते को युवाहरूको अगुवाइमा भएको जनआन्दोलनपछिको जटिल परिस्थिति। ७६ जनाको निधन, दुई हजार ६०० भन्दाबढी घाइते र ८४ अर्बको क्षति भएको त्यो समय अकल्पनीय थियो। त्यस्तो अवस्थाबाट वातावरण सहज बनाउँदै, सुरक्षा सङ्गठनको मनोबल उकास्दै, प्रशासनलाई चलायमान र राजनीतिक दलहरूलाई निर्वाचनका लागि तयार गराउनुपरेको थियो।

सरकार गठन भएको पहिलो हप्तादेखि नै हामीले निर्वाचन आयोगसँग समन्वय गर्दै स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन निरन्तर प्रयास गर्‍यौं। आयोग पनि सरकारको चाहना र मुलुकको आवश्यकताबमोजिम घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने कार्ययोजनामा अघि बढ्यो र फागुन २१ गते तोकिएकै दिन ऐतिहासिक रूपमा शान्तिपूर्ण र स्वच्छ निर्वाचन सम्पन्न भयो।

यस कार्यमा कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तज्यूहरू, त्यहाँ कार्यरत सम्पूर्ण कर्मचारीहरूले छोटो समयमा गहन परिश्रम गरी महत्त्वपूर्ण भूमिका खेल्नुभयो। म उहाँहरूको उच्च प्रशंसा गर्दछु। नेपाली सेनाले अहोरात्र खटेर कहालीलाग्दो परिस्थितिलाई काबुमा लिँदै सुरक्षा व्यवस्था सुदृढ गर्न र निर्वाचन गराउनसमेत महत्वपूर्ण भूमिका खेलेको छ। यसका निम्ति प्रधानसेनापतिसहित प्रत्येक सिपाहीलाई धन्यवाद दिन्छु।

चौकी जलाइएका, हतियार लुटिएका, लुगा, जुत्तासमेत नभएका अवस्थामा पनि खरानीबाट उठाएर सङ्गठनलाई पुनः सक्षम बनाउँदै निर्वाचन सम्भव तुल्याउने नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रमुख तथा प्रत्येक सिपाहीलाई धन्यवाद दिन्छु। राष्ट्रिय अनुसन्धान विभागले देखाएको सक्षमता थप प्रशंसनीय छ। यसका लागि प्रमुख र प्रत्येक कर्मचारीलाई धन्यवाद छ। आफ्नो घरबार छोडी छोटो समयका लागि पनि आएर सेवा गर्ने निर्वाचन प्रहरीहरूको योगदान स-सम्मान सम्झिन चाहन्छु।

निर्वाचनमा खटिने अदालतका कर्मचारीसहित प्रत्येक राष्ट्रसेवक पनि धन्यवादका पात्र हुनुहुन्छ। सबै राजनीतिक दल तथा उम्मेदवारहरूले विषम परिस्थितिका बीच निर्वाचनमा भाग लिएर गर्नुभएको सहयोगका लागि पनि आभारी छु। यस निर्वाचनको महान् पर्वमा फागु वा होलीलाई पनि थाती राखी शान्तिपूर्ण तरिकाबाट सहभागी हुनुहुने सम्पूर्ण मतदाताप्रति कृतज्ञ छु।

यस्तै, सम्पूर्ण सञ्चारकर्मी, नागरिक समाज तथा पर्यवेक्षक पनि धन्यवादको पात्र हुनुहुन्छ। मित्रराष्ट्रहरू, विभिन्न विकास साझेदारसहित अन्तरराष्ट्रिय समुदायको सहयोगप्रति पनि म कृतज्ञता व्यक्त गर्दछु। मेरो नेतृत्वमा सरकारमा सहभागी मन्त्रीज्यूहरू र मेरो सचिवालयको टोलीलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। सम्माननीय राष्ट्रपतिज्यूको अभिभावकीय भूमिका र मार्गदर्शन स्मरणीय छ।

विशेष परिस्थितिमा सम्पन्न यस निर्वाचनले थुप्रै नवीन र सकारात्मक अभ्यासहरू स्थापित गरेको छ। निर्वाचनको सुरक्षा, स्वच्छता, मितव्ययिता र समयको पालनामा यसपाली हामीले थुप्रै मानक स्थापित गर्न सकेका छौं। आगामी चुनावमा यही स्तर कायम राख्न सक्यौं भने हाम्रो लोकतन्त्रलाई थप सु-संस्कृत र समृद्ध चरणमा पुर्‍याउन सकिनेछ।

यस निर्वाचनले हामीलाई एउटा महत्वपूर्ण पाठ सिकाएको छ, निःस्वार्थ भावले देशको हितका लागि काम गर्दा जनताको साथ अवश्य पाइन्छ। सङ्कटका बेला नेपालीहरू एकजुट भएर सामना गर्न सक्छन् भन्ने कुरा हामीले पुनःप्रमाणित गरेका छौं। र हाम्रो राष्ट्रिय क्षमता कमजोर भएको छैन र आफ्नो समस्या आफैं सुल्झाउन सक्छौं भन्ने पनि सावित गरेका छौं।

यो निर्वाचनमा जेनजी आन्दोलनको मर्म र भावनाबमोजिम परिवर्तनका पक्षमा नागरिकहरूले स्पष्ट जनादेश दिनुभएको छ। यो संविधानमा भएको निर्वाचन प्रणालीले कुनै दलले बहुमत प्राप्त गर्न सक्दैन भन्ने भाष्यलाई गलत सावित गरिदिएको छ। नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

युवाको नेतृत्वमा बन्न लागेको नयाँ सरकारले जेनजी आन्दोलनको माग र आकांक्षाबमोजिम मुलुकमा भ्रष्टाचारको अन्त्य, सुशासन स्थापना, देशभित्रै रोजगारी सिर्जना, आर्थिक विकास र सामाजिक न्यायको क्षेत्रमा नतिजामुखी कार्य गर्नेछ भन्ने विश्वास लिएकी छु। यसका लागि सरकारको पूर्ण सफलताको कामना पनि गर्दछु।

छ महिने अवधि रहेको चुनावी सरकारले जेनजी आन्दोलनमा अभिव्यक्त सबै काम गर्नसक्ने अवस्था थिएन। तर हामीले केही आधारशिला अवश्य तयार गरेका छौं। जटिल अपराध र भ्रष्टाचारको छानबिन गर्ने निकायलाई पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ काम गर्न हामीले प्रेरित गर्‍यौं। परिणामस्वरूप अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले लामो समयदेखि दबाइएका प्रकरणहरूमा मुद्दा अघि बढाएका छन्। ठेक्का लिएर काम नगर्ने, बिजुली बालेर बिल नतिर्नेजस्ता बेथितिविरुद्ध पनि सरकारले ऐतिहासिक रूपमा कठोर कदम चालेको छ।

जेनजी आन्दोलनको जगमा बनेको यस सरकारले आन्दोलनकारी-हरूसँग २०८२ मङ्सिर २४ गते ऐतिहासिक सम्झौता गरेको छ। उक्त सम्झौताबमोजिमका केही काम अधुरा रहेका कारण आगामी सरकारले प्राथमिकतासाथ अघि बढाउने विश्वास लिएकी छु। आन्दोलनका क्रममा भएको बल प्रयोग, तोडफोड, आगजनी, लुटपाटलगायत घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय भइसकेको छ र आगामी सरकारले प्रतिवेदनको पूर्ण अध्ययन गरी सिफारिस र सुझावहरूका सन्दर्भमा आवश्यक कदम चाल्ने नै छ।

जेनजी आन्दोलनबाट प्रभावित उद्योग, व्यापार र प्रतिष्ठानलाई राहत, कर छुट, सहुलियत तथा सुविधा प्रदान गरी आर्थिक गतिविधि सहज रूपमा सञ्चालन गर्न र उद्योगी व्यवसायीहरूको मनोबल उच्च राख्न एकीकृत व्यावसायिक पुनरुत्थान योजना कार्यान्वयनमा ल्याइएको छ। जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको पुनर्निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

म आज यहाँ सरकारका कामको फेहरिस्त वा उपलब्धि सुनाउन उपस्थित भएकी होइन। हामीले के गर्न सक्यौं र के सकेनौं भन्ने मूल्याङ्कन गर्ने जिम्मा यहाँहरूलाई नै छाड्न चाहन्छु। यो कठिन घडीमा हामीले निकै सानो र छरितो टिम बनाएर रातदिन खटेर, आलोचना र प्रहार सहेर, पीडा खपेर, देशकै निम्ति भनेर काम गरेका छौं। कुनै सुविधाको लोभ नगरी मितव्ययी ढङ्गले हामी चलेका छौं। यस क्रममा सबै काम राम्रो र त्रुटिरहित ढङ्गले गर्‍यौं भन्ने पनि दाबी छैन। तर यहाँहरूसामु के निवेदन गर्दछु भने हामीले गलत नियत राखेर कुनै काम गरेका छैनौं। पारदर्शिता, निष्ठा र जनभावनालाई केन्द्रमा राखेर काम गर्ने जर्मको गरेका छौं। यस अवधिमा केही राम्रो गर्न सकिएको रहेछ भने त्यो तपाईंहरूकै कारण सम्भव भएको हो। यस निम्ति तपाईंहरू सबैप्रति नतमस्तक छु। यदि कमजोरी रह्यो भने त्यो मेरै भागमा पारिदिनुहोला। अन्त्यमा, मुलुकका सबै संस्था र सबैपक्षले आ-आफ्नो संवैधानिक मर्यादाको परिपालना गर्दै अगाडि बढ्नुको विकल्प छैन। यसबाट मात्र सुशासनको जग मजबुत हुन्छ भन्ने हेक्का राख्न विनम्र अनुरोध गर्दछु।

अन्तरिम सरकारको कार्यभार पूरा भएको र निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त भइसकेको हुँदा नयाँ सरकारलाई स्वागत गर्न म आतुर छु। र आज पूर्ण आत्मविश्वासका साथ यो देशको उज्यालो भविष्य देखिरहेकी छु। जहाँ हाम्रो एकता, इमानदारी र प्रत्येक नागरिकको परिश्रमले नयाँ इतिहास लेख्नेछ।'

# नयाँ सांसदहरूद्वारा...

सिंहदरबारस्थित नवनिर्मित बहुउद्देश्यीय हलमा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए।

संघीय संसद सचिवालयका महासचिव पदमप्रसाद पाण्डेयले पुरानो भवन क्षतिग्रस्त भएका र नयाँ भवन पूर्ण तयार भइनसकेको अवस्थामा विशेष हलको प्रबन्ध गरिएको जानकारी दिए। नयाँ भवन सचिवालयलाई हस्तान्तरण नहुँदासम्म सोही हलमा संसद बैठक सञ्चालन हुने महासचिव पाण्डेयले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह र नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' कुन द्वारबाट हलभित्र छिर्ने भन्ने स्पष्ट नहुँदा गाडीबाट ओर्लिएर बन्द भएको ढोकातर्फ लागेको र सञ्चारकर्मी र सुरक्षाकर्मीबाट घेरिएका कारण झनै अलमलमा परेका थिए। आफैं गाडी चलाएर आउनुभएका नेता शाह सपथपछि अरुभन्दा चाँडै बाहिरिएका थिए। दर्शकदीर्घा तयार भइनसकेकाले संसद भवनको भुईं तलामा राखिएको ठूलो स्क्रिनमा कार्यक्रमको दृश्य देखाइएको थियो। सपथपछि सांसदहरूलाई प्रतीक चिन्ह (लोगो) र ब्याज उपलब्ध गराइएको थियो।

कतिपय रास्वपाका सांसदहरूले आफन्त, परिवारजन र बालबच्चा बोकेर आएको देखिन्थ्यो भने सांसद रहबर अन्सारी विद्यालयका विद्यार्थीको पोशाकमा सपथ लिन आएपछि जिज्ञाशाका पात्र बनेका थिए। जातजाति र संस्कृतिलाई प्रतिनिधित्व गर्दै सांसदहरू आफ्ना भेषभूषा तथा मर्यादित पोसाकमा सजिएर आएका थिए भने अपांगता भएका सांसदहरू ह्विलचेयरमै आएका थिए।

नेपालको संविधानको धारा ९९ र ९१ को उपधारा ५ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम पद तथा गोपनीयताको सपथ लिने व्यवस्था छ।

बिहीबार प्रतिनिधिसभा सदस्यमा पद तथा गोपनीयताको सपथ लिने सदस्यहरू अधिकांश नयाँ अनुहार देखिँदा दलका सदस्य भने न्यून मात्रामा मात्रै यसअघि निर्वाचित भएका सांसद निर्वाचित भएका छन्। यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कम्युनिस्ट पार्टी, (नेकपा) र श्रम संस्कृति पार्टीका नेतृत्वबाहेक निर्वाचनमा सहभागी अन्य दलका शीर्ष नेतृत्वलाई सदनमा देखिएका छैनन्।

यस पटकको निर्वाचनमा १८२ सदस्य विजयी भएको रास्वपामा १४ जना सांसदहरू दोहोरिएका छन्। पार्टी सभापति रवि लामिछाने, उपसभापतिद्वय डोलप्रसाद अर्याल र डा स्वर्णिम वाग्ले, इन्दिरा राना मगर, डा अमरेशकुमार सिंह, सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली, हरि ढकाल, अशोककुमार चौधरी, विराजभक्त श्रेष्ठ, निशा डाँगी, मनिष झा र डा तोसिमा कार्की दोहोरिएका छन्।

यस निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित भएका ३८ सांसदमध्ये ८ जना दोहोरिएका छन्। सांसदहरू अजुर्ननरसिंह केसी, भीष्मराज आङ्देम्बे, मोहन आचार्य, भरतबहादुर खड्का, जनक गिरी, चन्द्रमोहन यादव, टेकबहादुर गुरु, योगेश गौचन थकाली, चन्द्रमोहन यादव र अभिशेकप्रताप साह समेत दोहोरिएका हुन्।

यस्तै, नेपाल कम्युनिस्ट पार्टी (एमाले का २५ जना निर्वाचित सांसदमध्ये रामबहादुर थापा बादल, पद्मा अर्याल, यज्ञबहादुर बोगटी, गणेशसिंह ठगुन्ना, मोहम्मद इस्तियाक राई, लक्ष्मीप्रसाद पोखरेल र सुहाङ नेम्वाङ यस पटकको सदनमा दोहोरिएका हुन्।

नेपाली कम्युनिस्ट पार्टीको निर्वाचित १७ मध्ये पुष्पकमल दहाल 'प्रचण्ड', मातृकाप्रसाद यादव, वर्षमान पुन, धनबहादुर बुढा र महेन्द्रबहादुर शाही दोहोरिएका छन्। राप्रपाबाट निर्वाचित पाँच जना सांसदमध्ये ज्ञानेन्द्रबहादुर शाह दोहोरिएका एक मात्र प्रत्यक्षतर्फ निर्वाचित पात्र हुन्।

पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं!

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरूपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं